का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ वैशाख २०८२,
आइतबार
4 May, 2025
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २३, अंक ९१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# सांसदलाई बजेटकै चिन्ता

## प्रधानमन्त्री र मन्त्रीको क्षेत्र केन्द्रित बजेट पठाउने परम्परा अन्त्य गर्न माग



प्रतिफल नदिने आयोजना कटौती गरी बहुवर्षीय योजनाको संख्या घटाउँदै उत्पादन, रोजगारी तथा पर्यटन प्रवर्द्धनमा जोड दिँदै जनप्रतिनिधिले गरेका बाचा पूरा हुनेगरी बजेट ल्याइनुपर्छ

**डा. प्रकाशशरण महत**
पूर्वअर्थमन्त्री



प्रधानमन्त्री, अर्थमन्त्री र मन्त्रीहरूको निर्वाचन क्षेत्रमा मात्र बजेट जाने विगतको परम्परालाई निरन्तरता दिँदै बजेट आयो भने सांसदहरूबाट बजेट च्यात्छौं भनेका छौं

**रामहरि खतिवडा**
सांसद, ओखलढुंगा



सरकारले सुदूरपश्चिम र कर्णालीका नागरिकलाई हेर्ने दृष्टिकोण बदल्नुपर्छ, सबै स्थानमा सडक संजालसम्म पुगेको छैन । भौतिक पूर्वाधार निर्माणका नयाँ आयोजना थपिएका छन । त्यसअनुसार बजेट ल्याउनुपर्छ

**शेरबहादुर कुँवर**
सांसद, अछाम

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २० वैशाख ।

प्रतिनिधिसभाको बजेट अधिवेशन चलिरहँदा आगामी आर्थिक वर्षका लागि सांसदहरूले आफ्नो क्षेत्रमा कसरी बढी बजेट भित्र्याउने भन्ने ध्याउन्नमा लागेका छन्। २८ वैशाखमा प्री बजेट ल्याउने तयारीअर्न्तगत सरकारले विभिन्न सरोकारवालाहरूसँग आवश्यक छलफल र सल्लाह गर्दै जाँदा प्रतिनिधिसभाका सांसदहरूको ध्यान आगामी बजेटमै केन्द्रित रहेको हो ।

सरकारले नीति तथा कार्यक्रम ल्याइसकेर प्री बजेटको पूर्वतयारी छलफलमा जुटेको छ। संघीय संसद्को अर्थ समितिले गत बुधबार अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका पदाधिकारीसँग गरेको आगामी आर्थिक वर्षको बजेटसम्बन्धी छलफलमा सांसदले सबै निर्वाचन क्षेत्रमा भौतिक पूर्वाधारका ठूला योजना समेटिनुपर्ने माग गरे ।

निर्वाचन क्षेत्रमा के-कस्ता विकास निर्माण आवश्यक छन् भन्ने जानकारी सांसदहरूलाई हुने भएकाले हरेक निर्वाचन क्षेत्रमा न्यूनतम एउटा भौतिक पूर्वाधार विकासका आयोजना आगामी बजेटमा समावेश गर्नुपर्ने भन्दै सांसदहरूले उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई दबाब दिन थालेका छन् ।

यसअघि प्रधानमन्त्री र मन्त्रीहरूले आफ्नो निर्वाचन क्षेत्रमा मात्र बजेट लैजाने परम्पराको अन्त्य हुनुपर्ने सांसदहरूको भनाइ छ । ओखलढुंगाका सांसद रामहरि खतिवडाले बजेटमा समानुपातिक प्रतिनिधित्व हुनुपर्नेमा जोड दिए ।

'प्रधानमन्त्री, अर्थमन्त्री र मन्त्रीहरूको निर्वाचन क्षेत्रमा मात्र बजेट जाने विगतको परम्परा थियो', खतिवडाले मध्यान्हसँग भने, 'अघिल्ला वर्षहरूमा जस्तै गुनासो आउनेगरी प्रधानमन्त्री र मन्त्रीहरूका निर्वाचन क्षेत्र केन्द्रित बजेट आयो भने बजेट च्यात्छौं भनेका छौं ।'

जिल्लामा जाँदा जनताले तपाईंको पालामा के गर्नुभयो ? भनेर सांसदहरूलाई प्रश्न गर्ने गरेका उनको गुनासो छ । 'त्यसका लागि कम्तीमा प्रत्येक निर्वाचन क्षेत्रमा ३० करोड बजेट नघटाई जानुपर्छ भन्ने हाम्रो माग हो', खतिवडाले भने, 'यो देशभरका सांसदहरूको समस्या हो ।'

सांसदको सिफारिसका आयोजना आगामी बजेटमा समावेश गर्नुपर्ने सांसदहरूले सरकारका मन्त्रीसँग माग गर्दै आएका छन् । तर, मन्त्रीले बजेट बनाउँदा आफ्नो निर्वाचन क्षेत्रलाई स्वाभाविक रूपमा प्राथमिकता दिने गरेका छन् । यो पटक पनि त्यसैको निरन्तरता हुनेमा सांसदहरूले संशय व्यक्त गरेका छन् ।

विगत २ वर्षअघि सांसद क्षेत्र विकास कोषका नाममा प्रत्येक सांसदलाई ५ करोडसम्म दिने गरेकामा अहिले त्यो व्यवस्था हटेको छ। सांसदका लागि बजेट छुट्याउने र आफ्नै तजबिजीमा खर्च गर्ने प्रवृत्तिले बजेट छरिनुका साथै दुरुपयोगसमेत भएको निष्कर्षका आधारमा २०७८ सालमै खारेज भएको 'सांसद विकास कोष' ब्युँताउनुपर्ने आवाजसमेत उठेको छ । तर, सो व्यवस्था फर्कन सक्ने अवस्था छैन । यद्यपि, आफ्नो सिफारिसका योजनामा बजेट पृष्ठ २ मा

# ३ सन्देश दिएर फर्किए चौथाइवाले

- आतंकवादविरुद्ध एकीकृत अडान
- नेपालको राजनीतिमा अहस्तक्षेपकारी नीति
- राजावादी आन्दोलनमा असंग्लनता





नेपालको आन्तरिक राजनीतिमा भारतले हस्तक्षेप नगर्ने प्रतिक्रिया चौथाइवालेले दिएका छन्

**एनपी साउद**
पूर्वपरराष्ट्रमन्त्री तथा नेता, नेपाली कांग्रेस

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २० वैशाख ।

भारतीय जनता पार्टी (भाजपा)का विदेश विभाग प्रमुख डा. विजय चौथाइवाले म्याराथुन भेटघाट र बैठक सकेर स्वदेश फर्किएका छन् । नेपालको ३ दिने भ्रमण पूरा गरी उनी शुक्रबार स्वदेश प्रस्थान गरेका हुन् । नेपाल भ्रमणका क्रममा उनले प्रधानमन्त्री केपी शर्मा ओलीदेखि अन्य पार्टीका शीर्ष नेताहरूसँग भेटवार्ता गरेका थिए। कुनै सरकारी संयन्त्र या राजनीतिक दलको औपचारिक निम्तो बिना आएका पृष्ठ २ मा

### एमालेभन्दा कांग्रेसलाई महत्त्व

चौथाइवालेले सत्तारूढ दलमध्ये एमालेभन्दा कांग्रेसलाई बढी महत्त्व दिएका छन् । उनले एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओली र अर्थमन्त्रीसमेत रहेका उपाध्यक्ष विष्णु पौडेललाई मात्र भेटे, जबकि कांग्रेसमा उनले पृष्ठ २ मा

# कक्षा १२ को परीक्षा आजदेखि

**काठमाडौं/मस–** कक्षा १२ को परीक्षा आइतबारदेखि संचालन हुँदै छ । परीक्षामा ५ लाख ११ हजार ५२५ परीक्षार्थी सहभागी हुने छन् ।

नेपाल शिक्षक महासंघको शैक्षिक हडतालसहितको काठमाडौं केन्द्रित सडक आन्दोलनले ११ वैशाखदेखि तोकिएको परीक्षा १० दिन पछाडि सरेको थियो । परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले विज्ञप्ति जारी गर्दै परीक्षालाई स्वच्छ, मर्यादित, अनुशासित, व्यवस्थित र विद्यार्थीमैत्री बनाउन अपिल गरेका छन् ।

राष्ट्रिय परीक्षा बोर्डका अनुसार यस पटक नियमिततर्फ ३ लाख ९५ हजार ९०८ र आंशिक १ लाख १५ हजार ६१७ जना विद्यार्थी सहभागी हुँदै छन् । ५ हजार २०२ विद्यालयका विद्यार्थीलाई कक्षा १२ को परीक्षा दिन १ हजार ५९१ परीक्षा केन्द्र तोकिएको छ ।

तीमध्ये जापानस्थित एभरेस्ट स्कुलबाट ३८ जना विद्यार्थी त्यहीँको केन्द्रबाट परीक्षामा सहभागी हुने छन् । ७७ जिल्लामध्ये सबभन्दा थोरै मनाङबाट ४५ जना र काठमाडौंबाट ६८ हजार १३३ जना परीक्षार्थी छन् । मनाङ, मुस्ताङमा १/१ वटा र काठमाडौंमा सबैभन्दा धेरै १६२ वटा परीक्षा केन्द्र तोकिएको बोर्डले जनाएको छ ।

२ जेठसम्म संचालन हुने परीक्षामा ४८ हजार २०९ जना जनशक्ति खटिने छन् ।

कर्णाली प्रदेशबाट सबैभन्दा कम ३८ हजार ८८८ र बाग्मती प्रदेशबाट सबैभन्दा धेरै १ लाख ३५ हजार २४० परीक्षार्थी सहभागी हुँदै छन् । बोर्डका अनुसार कोशीबाट ८२ हजार ८७१, मधेशबाट ६९ हजार ८०८, गण्डकीबाट ४३ हजार ३४९, लुम्बिनीबाट ९० हजार ६७८ र सुदूरपश्चिमबाट ५० हजार ६५४ जना विद्यार्थी सहभागी हुँदै छन् ।

परीक्षाको अनुगमन र निरीक्षण गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला परीक्षा समन्वय समिति गठन गरिएको छ। समितिले परीक्षा अनुगमन तथा पर्यवेक्षणको काम गर्ने छ । परीक्षा संचालन अवधिभर केन्द्राध्यक्षबाहेकलाई परीक्षा केन्द्रमा मोबाइल फोन लैजान बोर्डले रोक लगाएको छ । परीक्षा केन्द्रहरूमा विद्युतीय माध्यमबाट प्रश्नपत्र पठाइने व्यवस्था गरिएको शर्माले बताए ।

प्रत्येक विषयमा सैद्धान्तिकतर्फ न्यूनतम ३५ प्रतिशत अंक नल्याए विद्यार्थी नतिजा प्रकाशनमा ननग्रेडिङ हुने लेटर ग्रेडिङ निर्देशिका, २०७८ ले व्यवस्था गरेको छ ।

शिक्षक आन्दोलनका कारण रोकिएको एसईईको उत्तरपुस्तिका परीक्षणको काम पनि सुरु भएको बोर्डले जनाएको छ । १८ चैतमा सकिएको उत्तरपुस्तिका परीक्षणमा शिक्षक सहभागी नहुँदा झन्डै ३ साता ढिलाइ भएको छ। बोर्डले असार पहिलो साता एसईईको नतिजा सार्वजनिक गर्ने कार्यतालिका रहे पनि केही साता ढिलाइ हुने अनुमान गरिएको छ ।

**वैदेशिक रोजगार विशेष**

# यूएईमा राहदानी र स्वास्थ्य शिविर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० वैशाख ।

नेपाली दूतावास अबुधावीले संचालन गरेको राहदानी नवीकरण सेवा शिविरमा ८०० भन्दा बढीले प्रत्यक्ष लाभ लिएका छन्। दूतावासले यही १७-१८ वैशाखमा उक्त शिविर संचालन गरेको थियो ।

सो शिविरमध्ये शुक्रबार यूएईमा कार्यरत नेपाली दाजु-भाइ तथा दिदी-बहिनीको निःशुल्क स्वास्थ्य शिविर पनि संचालन गरिएको थियो। उक्त शिविरमा ३०० बढीले सेवा लिएका थिए ।

नेपाली सेवाग्राहीलाई अहिल्या हस्पिटल अबुधावीका डा. याशिर श्रेष्ठसहितको स्वास्थ्यकर्मीको टोलीले निःशुल्क रूपमा आँखा, मधुमेह, ब्लड प्रेसरको परीक्षण गरेको थियो । स्वास्थ्य परीक्षणसँगै डा. श्रेष्ठले शारीरिक तथा मानसिक समस्या र समाधानका विषयमा जानकारी गराउँदै उपस्थित नेपाली नागरिकसँग अन्तरक्रियासमेत गरेका नेपाली दूतावासले जनाएको छ ।

कार्यक्रममा दूतावासले श्रमसँग सम्बन्धित विविध विषयमा सचेतनामूलक जानकारीसमेत उपलब्ध गराएको थियो । सो अवसरमा कन्सुलर प्रमाणीकरणलगायत अन्य सेवा नियमित रूपमा संचालन गरिएको थियो। राजदूतावासले सेवा प्रवाहसँगै यूएईमा कार्यरत नेपालीलाई शारीरिक पृष्ठ २ मा

### मलेसियामा सुरक्षा गार्डको वृद्धि भएको तलबबारे अनुगमन

काठमाडौं/मस- मलेसियामा सुरक्षा गार्डले वृद्धि भएको तलब नपाएपछि अनुगमन सुरु गरिएको छ। यसअघि मलेसियास्थित नेपाली राजदूतावासले सेक्युरिटी गार्डको न्यूनतम तलब कार्यान्वयन नगर्ने कम्पनीको नयाँ मागपत्र प्रमाणीकरण नगरिने बताएको थियो ।

मलेसिया गत फेब्रुअरी पहिलो तारिखदेखि स्वदेशी तथा विदेशी कामदारको तलब त्यसअघिको १ हजार ५०० रिंगेटबाट २०० रिंगेट बढाएर १ हजार ७०० रिंगेट पुऱ्याएको थियो । पृष्ठ २ मा

### समय सापेक्ष ऐन संशोधन हुने छ : श्रममन्त्री भण्डारी

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले आवश्यकताका आधारमा ऐन, कानुन समय सापेक्ष परिवर्तन हुने बताएका छन् ।

सोमबार काठमाडौंमा अखिल नेपाल ट्रेड युनियनद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले कुनै पनि ऐन, कानुन सेवा प्रदानमा सहजता र सहुलियका लागि आउने भन्दै ऐन समय सापेक्ष हुनुपर्ने बताए । पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
WE'RE HIRING
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
- Office/HR Manager - 3 (Male/Female) (Salary : Rs.30,000 to 50,000)
- PRO - 5 (Male/Female) (Salary : Rs.25,000 to 45,000)
- Documentation - 3 (Male/Female) (Salary : Rs.20,000 to 30,000)
- Receptionist - 2 (Female) (Salary : Rs.15,000 to 20,000)
- म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भई अंग्रेजी राम्रो सँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- कम्प्युटर राम्रो सँग चलाउन जानेको हुनुपर्नेछ ।
Sinamangal, Kathmandu
Mob.: 9700386571, Email : crowng637@gmail.com

# आवासीय चिकित्सक र सरकारबीच ३ बुँदामा सहमति

**काठमाडौं/मस**–आवासीय चिकित्सक र सरकारबीच तीन वटा विषयमा सहमति भएको छ ।

शनिबार काठमाडौंमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, नेपाल चिकित्सक संघ र आवासीय चिकित्सकबीच भएको छलफलपछि तीन विषयमा सहमति भएको हो ।

तीन विषयमा सहमति भएसँगै आवासीय चिकित्सकहरुको आन्दोलन स्थगित भएको छ । स्वास्थ्य मन्त्रालयसँग आवासीय चिकित्सकहरुले चिकित्सा शिक्षा आयोगको १६ औं बैठकको निर्णय कार्यान्वयन गर्ने, म्याचिङका चिकित्सकहरुका लागि यथाशिघ्र शुरु गर्न चिकित्सा शिक्षा आयोगलाई निर्देशन दिने र बिदाका विषयहरुमा कार्यदल बनाएर स्वास्थ्य मन्त्रालयले पूरा गर्नसक्ने कुरा स्वास्थ्य मन्त्रालयबाट र नसकेका कुरालाई निर्देशन गरेर पठाउने तीन वटा सम्झौता भएसँगै आवासीय चिकित्सकहरु आन्दोलन छोड्न सहमत भएका हुन् ।

सहमतिसँगै सञ्चारकर्मीहरुसँगको कुराकानीमा मन्त्री पौडेलले आवासीय चिकित्सकहरुका मागहरु पूरा गर्न स्वास्थ्य मन्त्रालय तयार रहेको र त्यसको कार्यान्वयन गर्ने सहमति भएको बताए । सहमतिसँगै आन्दोलनको कार्यक्रम फिर्ता



लिन चिकित्सकहरु तयार रहेको बताए । आवासीय चिकित्सकहरुलाई काम गर्ने वातावरण बनाइदिन पनि निजी मेडिकल कलेजसँग आग्रह गरे । चिकित्सा शिक्षा आयोगले गरेका निर्णयहरु सबै कार्यान्वयन गर्नेगरी मन्त्रालयले वातावरण बनाउने प्रतिबद्धता जनाए ।

उनले भने,'नेपाल चिकित्सक संघको नेतृत्वमा आवासीय चिकित्सकहरुको आन्दोलन भएको थियो । त्यो बारेमा हामीले पटक पटक छलफल गर्‍यौं । र स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित केही विषयहरु थिए । त्यसको बारेमा हामीले दुई पक्षिय समझदारी गरेर त्यसलाई कार्यान्वयन गर्ने प्रतिवद्धता स्वास्थ्य मन्त्रालयले गरेको छ । त्यो प्रतिवद्धता गरिसकेपछि नेपाल चिकित्सक संघ यो आन्दोलन उहाँहरुको घोषित कार्यक्रम थियो, त्यसलाई उहाँहरु फिर्ता लिन तयार हुनुभएको छ । उहाँहरुसँग भएको सम्झौतालाई हामीले इमान्दारितापूर्वक कार्यान्वयन गर्नेछौँ । केही विषयहरु जुन चिकित्सा शिक्षा आयोगले निर्णय गरेको थियो, त्यसलाई कार्यान्वयन छिटो नभएको, सहज ढंगबाट नभएको विषय उहाँहरुको पछिल्लो विषय थियो । त्यसलाई छिटो कार्यान्वयन गर्ने सम्बन्धमा प्रतिष्ठानअन्तर्गतका कलेजहरु पनि क्रमश: कार्यान्वयन गर्न तयार भएको स्थिति छ । कतिपय कलेजमा फर्किएर काम शुरु भइसकेको छ । जहाँ आवासीय चिकित्सकहरु फर्किने स्थिति बनेको छैन, त्यहाँ त्यो वातावरण बनाइदिन सबै कलेजलाई अनुरोध गर्न चाहन्छौँ । आपसी समझदारीमा टुंगिने स्थिति बनेको छ । चिकित्सा शिक्षा आयोगले गरेका निर्णयहरु सबै कार्यान्वयन गर्नेगरी स्वास्थ्य मन्त्रालयले वातावरण बनाउनेछ ।'

आवासीय चिकित्सकहरुले निर्वाह भत्ता आठौं तह सरह हुनुपर्ने, आवासीय चिकित्सकहरुको सुत्केरी बिदा, बिरामी बिदा, ड्युटी आवरको कुरा पनि उठाएको बताए । अहिले आन्दोलनपछि निजी मेडिकल कलेजबाट पनि आठौं तह सरह भत्ता दिने प्रतिबद्धता आएको र विभिन्न कलेजमा आवासीय चिकित्सकहरु काम गर्न फर्किसकेको बताए । स्वास्थ्यमन्त्री पौडेलले चिकित्सा शिक्षा आयोगको १६ औं बैठकको निर्णय कार्यान्वयन गर्ने, म्याचिङका चिकित्सकहरुका लागि यथाशिघ्र सुरू गर्न चिकित्सा शिक्षा आयोगलाई निर्देशन दिने र बिदाका विषयहरुमा कार्यदल बनाएर स्वास्थ्य मन्त्रालयले पूरा गर्नसक्ने कुरा स्वास्थ्य मन्त्रालयबाट र नसकेका कुरालाई निर्देशन गरेर पठाउने तीन वटा सम्झौता भएको बताए ।

# दोहोरो–तेहेरो करले सामुदायिक वनका उपभोक्तालाई असहज

**उषाकिरण पन्थ/मध्यान्ह**
दाङ, २० वैशाख



सामुदायिक वन उपभोक्ता महासंघको आयोजनामा दाङमा 'सामुदायिक वनका सन्दर्भमा प्रदेश आर्थिक ऐन २०७८ र वन नियमावली २०७९ को संशोधन तथा सुधार' विषयक एकदिने छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा कानुनी विज्ञ डिलाराम खनालले सहजीकरण गर्दै हालका कानुनी प्रावधानहरू र सामुदायिक वनमाथि पर्ने प्रभावबारे प्रस्ट पारे । फेकोफनका केन्द्रीय अध्यक्ष ठाकुरप्रसाद भण्डारीले वनलाई केवल आर्थिक दृष्टिकोणले मूल्यांकन गर्नु अनुचित भएको उल्लेख गर्दै, वनले स्वास्थ्य, वातावरण संरक्षण र जल स्रोत संरक्षणमा पुऱ्याएको भूमिकालाई पनि समान महत्व दिनुपर्ने बताए । साथै, सरकारद्वारा लगाइएको दोहोरो तेहेरो करले उपभोक्ताहरूलाई असहज भएको धारणा व्यक्त गरे ।

वन तथा वातावरण समितिका सभापति विश्वमणि पाठकले करको विषयमा विभिन्न धारणा भए पनि अब यस विषयलाई लम्ब्याउन नहुने भन्दै तत्काल वार्ता र समाधान आवश्यक भएको बताए ।

पूर्ववनमन्त्री तथा लुम्बिनी प्रदेश सभा सदस्य अर्जुन केसीले सामुदायिक वनले कर तिर्नु आफ्नो कर्तव्य भएको उल्लेख गर्दै, उपभोक्ता समितिको भूमिका प्रशंसनीय रहेको बताए । त्यसैगरी, पूर्व मन्त्री तथा प्रदेशसभा सदस्य भगवती अधिकारीले वनसम्बन्धी ऐन, नियमावली र विधि विधानको पालना गर्दै महासंघलाई सधैं सहयोग गर्न तयार रहेको बताइन् ।

कार्यक्रममा प्रदेशसभा सदस्यहरू मिना बुढामगर, मिनाकुमारी श्रेष्ठ, शान्ति लोध, फेकोफन लुम्बिनी प्रदेश अध्यक्ष कल्पना भण्डारी, महासचिव शोभाखर सापकोटा, सदस्य तेजेन्द्र सिग्देल, डिएफओ ब्रीजेन्द्र सुवेदी लगायतले आ-आफ्ना धारणा राखेका थिए ।

## सांसदलाई...

पाउनुपर्ने अधिकांश सांसदहरू एकमुख छन् । आगामी बजेटमा सांसद विकास कोषमार्फत विकास निर्माणका लागि रकम विनियोजन गर्नुपर्ने अछामका सांसद शेरबहादुर कुँवरको माग छ । 'हरेक सरकारले सुदूरपश्चिम र कर्णालीका नागरिकलाई हेर्ने दृष्टिकोण बदल्नुपर्छ', उनले भने, 'सबै स्थानमा सडक संजालसम्म पुगेको छैन । भौतिक पूर्वाधार निर्माणका नयाँ आयोजना थपिएका छन । त्यसअनुसार बजेटको व्यवस्था ल्याउनुपर्छ ।' संघीय बजेटले सबै सांसदलाई समान रूपमा समेट्नुपर्ने उनको भनाइ छ ।

जनताले पठाएका जनाप्रतिनिधिले गरेका बाचा पूरा हुनेगरी निर्वाचन क्षेत्र केन्द्रित बजेट आउनुपर्ने पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतको भनाइ छ ।

'राजस्व वृद्धि नहुँदा बजेटको स्रोत अभाव हुने र स्रोत नहुँदा कार्यान्वयनमा समस्या हुने स्थिति छ', उनले भने, 'प्रतिफल नदिने आयोजना कटौती गर्नुपर्छ, बहुवर्षीय योजनाको संख्या घटाउँदै उत्पादन, रोजगारी तथा पर्यटन प्रवर्द्धनमा केन्द्रित बजेट ल्याइनुपर्छ ।'

शक्ति र पहुँचका आधारमा नभई आवश्यकतामा आधारित आयोजना छनोट गर्नुपर्ने सुर्खेतका सांसद हृदयराम थानीले बताए । 'मन्त्रीहरू समग्र देशका बनून्, कुनै एक क्षेत्रको होइन', उनले भने, 'तर, पछिल्लो समय जो मन्त्री हुन्छ, उसैको क्षेत्रमा बजेट लैजाने प्रचलन बढेको छ । आगामी बजेट निर्माणमा यो समस्या नआउनेगरी सरकारले तयारी गर्नुपर्छ ।'

जनप्रतिनिधिले जनताको विकासका लागि खर्च गर्ने भएकाले सांसदलाई बजेट विनियोजन गर्नुपर्ने सांसदहरूले सरकारलाई दबाब दिँदै आएका छन् । स्रोत अभाव भएकाले आगामी वर्ष अधुरा आयोजना सम्पन्न गर्न बजेट केन्द्रित हुनुपर्नेमा उनीहरूको जोड छ ।

## ३ सन्देश...

चौथाइवालेले सबैभन्दा धेरै राजनीतिक भेटघाट भने यसै पटक गरेका हुन् । यति धेरै नेपाली नेतालाई कुनै विदेशी नेताले एकै पटक भेटेको सम्भवत: यो पहिलो हो ।

भारतीय विदेशमन्त्री एस. जयशंकरको अनौपचारिक दूत बनेर नेपाल आएका चौथाइवालेको भेटघाटको सबै व्यवस्थापन नेपालस्थित भारतीय दूतावासले नै मिलाएको थियो ।

अधिकांश दलका शीर्ष नेता र दोस्रो पुस्ताका गरी २० बढी नेताहरू भेटेका चौथाइवालेले भारतको सुरक्षा र आतंकवादी गतिविधिका विरुद्धमा नेपालमा समर्थनबारे चासो राखेका थिए । खुल्ला सिमाना भएकाले एकअर्काको सुरक्षाका लागि दुवै देश गम्भीर हुनुपर्ने चौथाइवालेको आशय रहेको भेटघाटमा सहभागी नेताहरूले बताएका छन् । साथै, नेपाल-भारतबीचको सम्बन्धलाई अझ सुदृढ बनाउनुपर्ने विषयमा पनि उनले चासो राखेका थिए । सबै नेताहरूसँगको भेटमा उनले नेपालको सत्ता समीकरणबारे त्यति चासो नराखेका नेताहरूको भनाइ छ ।

चौथाइवालेले पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाल, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासहित नेकपा (माओवादी केन्द्र), नेपाली कांग्रेस, लोसपासहितका नेताहरूसँग भेटवार्ता गरेका थिए ।

यस्तै, उपप्रधानमन्त्री विष्णु पौडेल, कांग्रेस नेताहरू गगन थापा, डा. शेखर कोइराला, डा. प्रकाशशरण महत, एनपी साउद, उदयशम्शेर राणा, माओवादीका उपमहासचिवहरू वर्षमान पुन र जनार्दन शर्मासँग छुट्टाछुट्टै भेटघाट गरे । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष सीके राउत, लोसपाका अध्यक्ष महन्थ ठाकुर र रास्वपाका कार्यबाहक सभापति डीपी अर्यालसँगको भेटमा पनि चौथाइवालेको मुख्य चिन्ता र चासो पहलगाम घटनाकै विषयमा थियो ।

चौथाइवालेको यस पटकको भ्रमणको उद्देश्य जम्मु-कश्मीरको पहलगाममा भएको घातक आतंकवादी आक्रमणपछि राजनीतिक सम्बन्ध सुदृढ पार्न र समर्थन जुटाउनु रहेको बताइन्छ । उक्त आक्रमणमा १ नेपाली नागरिकसहित २६ जनाको मृत्यु भएको थियो ।

९ वैशाखमा भएको आतंकवादी हमलापछि भारत र पाकिस्तानबीच बढेको क्षेत्रीय तनावका बीचमा चौथाइवालेको नेपाल भ्रमण भएको हो । उनको एजेन्डा सीमापार आतंकवादविरुद्ध नेपालको राजनीतिक ऐक्यबद्धता सुरक्षित गर्ने र नेपालको घरेलु मामिलामा हस्तक्षेप नगर्ने भारतको प्रतिबद्धतालाई सुदृढ पार्ने विषयमा केन्द्रित रहेको भेटमा सहभागी कांग्रेस नेता उदयशम्शेर राणाले बताए ।

कांग्रेस र एमालेको गठबन्धनमा समस्या आएको र प्रमुख प्रतिपक्ष माओवादी केन्द्रले नेपाली कांग्रेससँग सरकार बनाउने भनिरहँदा चौथाइवालेको यो भ्रमणलाई नेपालको आन्तरिक राजनीतिसँग पनि जोडेर हेरिएको छ ।

चौथाइवालेको नेपाल आगमनको अर्को उद्देश्य भारतले नेपालमा राजतन्त्र या हिन्दु राज्य नचाहेको स्पष्ट सन्देश दिनु पनि थियो ।

माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनसँग भएको भेटवार्तामा चौथाइवालेले नेपालमा राजतन्त्र ल्याउने कुरामा आफूहरूको समर्थन नरहेको भनेका थिए । 'राजा ल्याउने कुरामा हाम्रो समर्थन छैन, हाम्रो संरक्षण पनि छैन', उनले पुनलाई भनेका थिए । हिन्दु राज्य बनाउन र पूर्वराजाको समर्थनमा भएको प्रदर्शनमा भारतको हात रहेको नेपालमा केही नेताहरू ले आरोप लगाइरहँदा चौथाइवालेले त्यो आशंका चिरेका हुन् ।

पूर्वराजा ज्ञानेन्द्र शाह पोखराबाट काठमाडौं आउँदा भएको स्वागत ऱ्यालीमा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको फोटोसहितको प्लेकार्ड भेटिएपछि राजावादीको आन्दोलनमा भारतको साथ रहेको आशंका गरिएको थियो ।

त्यसैले, नेपाल आएर उनले एकैसाथ धेरै नेताहरूलाई भेटेर भारतको स्पष्ट धारणा जनाएका हुन् । प्रत्येक भेटहरूमा उनले नेपालमा राजावादी र हिन्दुवादीहरूको आन्दोलनमा भारतको कुनै पनि समर्थन नभएको प्रस्ट पारेका थिए ।

'राजतन्त्र र हिन्दु राज्यको पक्षमा भारत छैन र त्यसका लागि भएका आन्दोलनमा सहयोग, समर्थन, सदभाव पनि छैन', चौथाइवालेको भनाइ उद्धृत गर्दै पुनले भने ।

पूर्वपरराष्ट्रमन्त्री तथा कांग्रेस नेता एनपी साउदले पनि नेपालको आन्तरिक राजनीतिमा भारतले हस्तक्षेप नगर्ने प्रतिक्रिया चौथाइवालेले दिएका बताए ।

खुल्ला सीमाका कारण एकआपसको सुरक्षाका लागि दुवै देश गम्भीर हुनुपर्ने उनको आशय रहेको साउदले बताए ।

गृहमन्त्री लेखकले भारतको जम्मु-कश्मीरमा भएको आतंकवादी आक्रमणको निन्दा गर्दै आतंकवादी हमलाविरुद्ध नेपालले भारतलाई साथ दिने बताएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।

नेपालका नेताहरूसँगको भेटमा चौथाइवालेले भारत सदैव नेपालको लोकतन्त्रको पक्षमा रहेको प्रतिबद्धता जनाए भने लोकतन्त्रलाई बलियो र समृद्ध बनाउन भारत हरदम सहयोग गर्न तयार रहेको पनि प्रस्ट पारेका थिए ।

### ३ सन्देश

विभिन्न तहका नेताहरूसँगको भेटघाटमा चौथाइवालेले मुख्यत: ३ सन्देशहरू दिएका छन् । उनले नेताका दल र नेताहरूबाट आतंकवादविरुद्ध एकीकृत अडान खोजेका छन् । भारतको आतंकवादविरोधी अडानलाई समर्थन गर्न नेपालको राजनीतिक एकतालाई आह्वान गर्दै उनले पहलगाम आक्रमणलाई सामूहिक क्षेत्रीय प्रतिक्रिया आवश्यक छ भन्ने कुरामा जोड दिएका हुन् ।

नेपालको राजनीतिमा हस्तक्षेप नगर्ने भारतीय नीतिलाई स्पष्ट पार्ने भ्रमणको अर्को उद्देश्य थियो । भारतीय हस्तक्षेपको अनुमानलाई खारेज गर्दै चौथाइवालेले स्पष्ट पारे । भारतले नेपालको आन्तरिक लोकतान्त्रिक प्रक्रियाहरूको सम्मान गर्ने उनको सन्देश थियो । 'भारत सरकार र भाजपाले नेपालको सत्तामा जुन दल भए पनि 'ट्र्याक-टु कूटनीति'अन्तर्गत सबै दलहरूसँग सम्बन्ध कायम राख्छ', चौथाइवालेले नेताहरूलाई भनेका थिए । नेपालमा जारी विवादास्पद आन्दोलनहरूमा भारतको कुनै भूमिका र समर्थन नरहेको भन्ने स्पष्ट पार्नु चौथाइवालेको भ्रमणको उद्देश्य थियो । भारतले नेपालको राजतन्त्र वा हिन्दु राज्यको पुनर्स्थापना खोज्ने अभियानहरूबाट आफूलाई टाढा राखेको छ । नेपालमा भएका त्यस्ता प्रयासहरूलाई भारतले पूर्णतया आन्तरिक मामिला भनेको छ ।

## एमालेभन्दा...

सभापति, महामन्त्री तथा अन्य दोस्रो, तेस्रो तहका केन्द्रीय नेताहरूलाई समेत भेटेका छन् ।

चौथाइवालेको यो भेटवार्ताको शैली निकै अर्थपूर्ण देखिन्छ । उनले जसरी भेटवार्ताको लागि नेताहरू खोजेका छन्, यसले उनको रुची सत्ता नेतृत्वकर्ता एमालेभन्दा अन्यतर्फ परेको छ ।

चौथाइवालेले वर्तमान सत्ताप्रति असन्तुष्टहरूलाई बढी समेटेका छन् । इतरपक्षीय नेता डा. कोइराला हुन् वा महामन्त्री थापा हुन् वा देउवा निकटस्थ नै भनेर चिनिने एनपी साउद नै किन नहुन्, चौथाइवालेको प्राथमिकतामा वर्तमान ओली सरकारप्रति असन्तुष्ट नेताहरू नै देखिन्छन् ।

## यूएईमा...

तथा मानसिक स्वास्थ्य र श्रमसम्बन्धी विषयमा आवश्यकताअनुसार समयसमयमा सचेतनामूलक कार्यक्रम संचालन गर्दै आएको छ ।

राहदानी नवीकरणसम्बन्धी विशेष काउन्टर संचालन गरी सेवा उपलब्ध गराउने कार्यमा गैरआवासीय नेपाली संघ, यूएई तथा नेपाली समाज, यूएईले स्वयंसेवक उपलब्ध गराई सहयोग गरेका थिए ।

राहदानी नवीकरण प्रक्रियालाई सरल, सहज र छिटोछरितो बनाई प्रभावकारी सेवा प्रदान गर्न दूतावास सधैँ क्रियाशील र कटिबद्ध रहेको दूतावासले जनाएको छ । दूतावासले यसअघि पनि आवश्यकताअनुसार विभिन्न समयमा विशेष काउन्टर संचालन गरेर यस किसिमका शिविर संचालन गर्दै आएको छ ।

## मलेसियामा

तर, साढे २ महिना बितिसक्दा पनि बढेको तलब नपाएको सेक्युरिटी क्षेत्रमा काम गर्ने नेपाली कामदारको गुनासो रहेको समाचार मध्यान्ह दैनिकले गत हप्ता नै सार्वजनिक गरेको थियो ।

मलेसियाली मानव संसाधन मन्त्रालय मातहतको निकाय मलेसिया श्रम विभागले ३५ वटा सेक्युरिटी कम्पनीको निरीक्षण गरेको थियो । बढेको तलब नदिने कम्पनीहरूले नेपाली राजदूतावास तथा मुख्य सेक्युरिटी कम्पनीले बढेको तलब दिनू भनेर लिखित जानकारी दिएको भन्दै १ हजार ५०० रिंगेट नै दिने गरेको अनुगमनमा देखिएको छ । कतिपय कम्पनीले १२ घण्टाको जोडेर २ हजार रिंगेट तलब दिने गरेको श्रम विभागले बताएको छ ।

नेपाली राजदूतावासले गुनासो समाधानका लागि नयाँ डिमान्ड एटेस्टेसनमा न्यूनतम १ हजार ७०० को पे स्लिप र सेक्युरिटी गार्डको बैंक खातामा तलब जम्मा भएको बैंक ट्रान्सफरको स्लिप अनिवार्य गरिएको बताएको छ ।

मलेसियाले बढेको तलब नदिने रोजगारदाताहरूलाई राष्ट्रिय तलब परामर्श परिषद् ऐन, २०११ (ऐन ७३२) अन्तर्गत जरिमाना गर्ने बताएको छ ।

मार्चसम्म सुरक्षा गार्ड कम्पनीहरूले विभिन्न श्रम कानुन उलंघन गरेका ४५६ वटा उजुरी परेका छन् । मलेसिया सरकारले रोजगारदाताहरूलाई जरिमाना तिर्नुभन्दा कामदारलाई न्यूनतम तलब दिनु नै उचित हुने सुझाव दिएको छ ।

## समय...

अहिले वैदेशिक रोजगार ऐन तथा श्रम ऐन संशोधन प्रक्रियामा अगाडि बढेको जानकारी दिँदै सरोकारवालाहरूको सहमतिमा बनेका ऐन, कानुनहरू सबैले नि:शर्त रूपमा पालना गर्नुपर्नेमा जोड दिए ।

श्रम ऐनमा रहेका अव्यावहारिक प्रावधान संशोधनका लागि सुझाव दिन आग्रह गर्दै मन्त्री भण्डारीले ट्रेड युनियनहरू कानुन कार्यान्वयनका लागि तयार हुनुपर्ने बताए । मन्त्री भण्डारीले कुनै पनि नेपाली कामदार देशबाहिर कहीँ कतै दु:ख पाए, त्यसका लागि सरकार जिम्मेवार हुनुपर्ने भन्दै देशबाहिर श्रम स्वीकृतिबिना काम गर्ने वातावरणको अन्त्य गर्न उनीहरूलाई श्रम स्वीकृति लिने वातावरण बनाउन सबै सरोकारवालाहरू मिलेर काम गर्नुपर्ने उल्लेख गरे ।

**साउदीमा रोजगार**

कम्पनी: Robou Al Soban Limited Company — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८२/०१/२० — चलानी नं.: ६०२३६८३५ — L.T. No.: 322947

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Driver | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: Zenith Quality Energy Company is a one-person limited liability company — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०१/२० — चलानी नं.: ६०२३६८३६ — L.T. No.: 322946

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loaders | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ बैशाख २८ गते (11 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम ईजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**Shree Suraj secondary school**
**Brahampuri-4 Tribhuvannagar, Sarlahi**

**Invitation For E-Bids**

**Notice No: SST/NCB/WORKS/01/2081-82**
**Date Of Publication : 2082/01/21(4th may. 2025)**

1. Shree Suraj Secondary school Brahampuri Rural Municipality ward No-4 Tribhuvannagar Sarlahi Invites Open Competitive Biddings (Electronics Bid Only) From Eligible Bidders for Following Work Under National Competitive Bidding Procedure. Only Eligible Bidders Should Participate in This Bidding:

| S. N. | Contract Number | Description of work | Estimate Amount in NRS (Exclusive of Vat& Contingencies | Bid Security Amount (NRs) | Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | SST/NCB/WORKS/ 01/2081-82 | Construction of School Building | 63,95,320.63 | 1,88,000 | 90 Days From The Deadline For Submission of Bids | 3,000 | PPMO |

2. Date of Purchasing, Pre bid meeting, submission and opening of bids.

| Last date of purchasing of bids | Pre bid Meeting | Last Date of Submission of Bids | Date of Opening of bids | Employer's Bank Account Number for purchasing of bids Document | Employer's Bank Account to deposit cash for the Bid security. |
|---|---|---|---|---|---|
| 03/06/2025 during Office Hour | NA | 04/06/2025 at 12 Hours | 04/06/2025 at 13 Hours | Nabil Bank Brahampuri Sarlahi Revenue Ac.No. 21701017500296 | Nabil Bank Brahampuri Sarlahi - 21701017500296 |


3. A Complete Set Of Bidding Document Can Be Download From PPMO's E-GP System Www.Bolpatra.Gov.Np/Egp. Bidders. Eligible Bidders May Obtain Further Information And Inspect The Bidding Documents At The Office Of shree Suraj Secondary School Brahampuri-4 Tribhuvannagar Sarlahi. (Contact Number 9844033741)
4. All The Rights To Accept Or Reject The Bids Are Reserved To The Office Of Shree Suraj Secondary School Brahampuri-4 Tribhuvannagar Sarlahi With Out Specifying Any Reason.

**Principal**

मध्यान्ह
www.madhyanhadaily.com



# सरकारले लिएका सबै नीतिहरू सही : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफू नेतृत्वको सरकारले लिएका सबै नीतिहरू सही भएको भन्दै सांसदहरूलाई ढुक्क हुन आग्रह गरेका छन् ।

बालुवाटारस्थित प्रधानमन्त्रीको सरकारी निवासमा शनिबार आयोजित संसदीय दलको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सरकारले लिएका नीतिहरू सही भएको दाबी गरे । उनले पार्टीका सांसदहरूलाई नीति सहि छन् भनेर ढुक्क हुन आग्रह गरे । विपक्षी भएपछि जे भए पनि विरोध गर्नुपर्छ भन्ने मान्यता ठिक नभएको पनि उनले बताए ।

प्रधानमन्त्री ओलीले विपक्षीले भनेको कुरामा सत्यता छ कि भनेर धेरै घोत्लिन पनि आवश्यक नरहेको पनि सांसदहरूलाई आग्रह गरे ।

सरकारले शुक्रबार ल्याएको नीति तथा कार्यक्रमको छलफलमा अध्ययन राम्रो बनाएर प्रस्तुत हुन ओलीले सांसदहरूलाई निर्देशन दिए । नीति तथा कार्यक्रमका विषयमा संसदमा बोल्दा कुनै चिप्लिने खालको कुरा नगर्न, बलियो र स्पष्ट हुन पनि ओलीको आग्रह थियो ।

बैठकमा प्रधानमन्त्री ओलीले सम्मानजनक र लाभदायी अन्तर्राष्ट्रिय सम्बन्ध बनाएर अगाडि बढ्ने पनि बताए ।

नेपालले राष्ट्रसंघलाई आत्मसात् गरेर अन्तर्राष्ट्रिय नीति अगाडि बढाउने समेत प्रधानमन्त्री ओलीले बताए । राष्ट्रसंघको बडापत्र, मानवअधिकार घोषणापत्र, समानता तथा राष्ट्रिय हितका लागि अन्तर्राष्ट्रिय सम्झौताहरूलाई आत्मसात् गर्ने बताउँदै ओलीले राष्ट्रिय हितलाई केन्द्रमा राखेर सबैसँग समान सम्बन्ध राख्ने उल्लेख गो। ।

नेपालले असंलग्न परराष्ट्र नीति अँगाल्दै आएको बताउँदै उनले असंलग्न आन्दोलनका सिद्धान्तहरूलाई मानेर अगाडि बढिरहेको पनि बताए ।

भारत र पाकिस्तानबीचको तनावप्रति संकेत गर्दै प्रधानमन्त्री ओलीले वादविवाद वा कुनै पनि प्रकारको तनाव भएमा कसैप्रति ढल्किने भन्दा तटस्थ ढङ्गले वार्ताद्वारा समस्याको समाधान होस् भन्ने सरकारको नीति रहेको पनि स्पष्ट पारे ।

अहिले कसैको तनावमा सामेल नहुने स्पष्ट पार्दै प्रधानमन्त्री ओलीले सबैसँग समान मित्रवत् व्यवहार गरेर अगाडि बढ्ने बताए ।

# समाजवादको आधार तयार पारेर मात्र दुनियाँबाट जान्छु : प्रचण्ड




**काठमाडौं/मस–**नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचार विरुद्ध नयाँ आन्दोलन आवश्यक भएको बताएका छन् ।

काठमाडौंको दक्षिणकाली नगर सम्मेलनलाई शनिबार सम्बोधन गर्दै अभ्यक्ष दाहालले भ्रष्टाचार र सामाजिक विभेदको विरुद्ध र सामाजिक न्यायको पक्षमा माओवादीले नयाँ क्रान्ति गर्न सक्ने बताए ।

अहिले माओवादी केन्द्र फेरि वर्ग र मुद्दासँग जोडिएका बताउँदै उनले यसका लागि पार्टी नेतृत्वको सिङ्गो टिम नै खटेको बताए । पार्टी अभियानले जनतामा नयाँ विश्वास पैदा गरेको दाबी गर्दै अध्यक्ष दाहालले राष्ट्रको निम्ति एकचोटी सबैले संकल्पको साथ लाग्नु पर्ने बताए ।

उनले आफू ७० वर्ष कटे पनि नयाँ आर्थिक र सामाजिक क्रान्तिको नेतृत्व गरेर समाजवादको आधार तयार पारेर मात्रै दुनियाँबाट जाने संकल्प गरेको पनि बताए । सबैले आँट गरे १ वर्षभित्र देशको राजनीतिक रंगमञ्च बदलिनसक्ने उनको दाबी छ ।

# ब्रिटिस गोर्खालाई नागरिकता दिन संविधान र कानुन संशोधन गर्नुपर्ने सुझाव




**काठमाडौं/मस–** ब्रिटिस गोर्खा लगायत विभिन्न कारणले विदेशिएका नेपाली नागरिकलाई पुनः नेपाली नागरिकता प्रदान गर्न संविधान र कानुनमा संशोधन आवश्यक रहेको धारणा सरोकारवालाहरूले व्यक्त गरेका छन् । शनिबार ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान बेलायत नेपालले आयोजना गरेको 'सुगौली सन्धि र नेपालमा नागरिकता सम्बन्धी अन्तरक्रिया कार्यक्रम'मा सहभागी वक्ताहरूले नेपाली नागरिकको पहिचान जोगाउन तथा राज्यविहीन बन्न नपरोस् भन्ने उदेश्यले नागरिकता ऐनमा सुधार आवश्यक रहेको बताएका हुन् ।

प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले नागरिकता विधेयक समितिमा आइसकेको जानकारी दिँदै भने, 'कानुन बनाउँदा राजनीतिक गन्ध आउनुहुँदैन । आमाको नाममा आधारित भएर नागरिकता दिनुपर्ने माग आएको छ, गृह मन्त्रालय पनि संशोधनको जुनसुकै प्रकार स्वीकार गर्न तयार रहेको छ ।'

उनले विदेशीएका नेपालीलाई नेपाल सम्भव छ भन्ने अनुभूति दिलाउन नागरिकता ऐन ल्याउनु आवश्यक रहेको उल्लेख गरे । त्यस्तै संविधानविद् डा.चन्द्रकान्त ज्ञवालीले संविधानले दुईवटा नागरिकता दिन नपाउने व्यवस्था गरेकाले यसको समाधान कानुनबाट खोज्नुपर्ने बताए । उनले भने, 'विदेशमा जन्मिएका ब्रिटिस गोर्खा सन्ततिलाई वंशको आधारमा स्वतः नेपाली नागरिकता दिन सक्ने कानुनी व्यवस्था गर्नुपर्छ । यसले पूँजी पलायन रोकिनेछ र विदेशी मुद्राको भुक्तानी राष्ट्र बैंकमार्फत हुने सम्भावना रहनेछ ।'

सांसद राजेन्द्र पाण्डेले नागरिकता विधेयकमाथि छलफल सुरु भइसकेको बताउँदै प्रारम्भमै सरोकारवालाहरूलाई बोलाएर सुनुवाइ गरिने आश्वासन दिए । सांसद दिलेन्द्र बडुवालले आफ्नै भूमिमा नागरिकताको खोजी गर्दै हिँड्नुपर्ने अवस्था दुःखद भएको बताए । सांसद अशोक राईले नागरिकता ऐन सबै नेपालीलाई समेट्ने गरी निर्माण गर्नुपर्ने उल्लेख गरे । 'नागरिकता सजिलो बनाउँदा दुरुपयोग हुने डर भए पनि प्रक्रियागत हिसाबले कसरी दिने भन्नेबारे गम्भीर छलफल भइरहेको छ,' उनले भने ।

# एनआरएनएको एकता महाधिवेशन सुरु राजनीति नगर्न परराष्ट्रमन्त्री राणाको आग्रह




**काठमाडौं/मस–**गैरआवासीय नेपाली संघ(एनआरएनए)को एकता महाधिवेशन शनिबारदेखि काठमाडौंमा सुरु भएको छ ।

सर्वोच्च अदालतको परमादेशबाट पुनर्स्थापित भएको संघको उच्चस्तरीय समितिले एकता महाधिवेशन आयोजना गरेको हो । यसले नयाँ नेतृत्व चयन गर्नेछ ।

सम्मेलनमा संस्थापक अध्यक्ष उपेन्द्र महतो, वद्री केशी नेतृत्वको कार्यसमितिको सहभागिता छैन । सम्मेलनमा सहभागी हुन प्रवासमा रहेको गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय समितिका प्रतिनिधि आएका छन् ।

उच्चस्तरीय समितिका अनुसार २६ सय प्रतिनिधि दर्ता भएको छ । सम्मेलनको परराष्ट्रमन्त्री आरजु राणा देउवाले उद्घाटन गरेकी छन् । उद्घाटनका क्रममा परराष्ट्रमन्त्री देउवाले एनआरएनएभित्र राजनीति नगर्न आग्रह गरेकी छिन् । उनले एनआरएनए संस्था राजनीति गर्ने ठाउँ नभएको बताइन् ।

एनआरएनएमा रहेर देश समृद्ध बनाउन सहयोग गर्नुपर्ने उनको भनाइ थियो । राजनीति गर्नेलाई समृद्धि कसरी ल्याउन सकिन्छ ? भन्नेकुरा राम्रोसँग जानकारी नहुने भन्दै विदेशमा देखेका र भोगेका कुरालाई नेपालमा आएर परिणाम दिन सकिने उनको भनाइ छ । परराष्ट्रमन्त्री डा.राणाले गैरआवासीय नेपालीहरू आफ्नो परिवार, समाज, गाउँ र समुदाय विकास गर्ने महत्त्वपूर्ण माध्यम रहेको पनि बताइन् ।

यस्तै, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले दलीय संकीर्णताले एनआरएनएमा विभाजन आएको बताए । मुलुकबाहिर एनआरएनएलाई साझा रूपमा राख्नुपर्ने बताउँदै पूर्वप्रधानमन्त्री भट्टराईले दलीय संकीर्णतामा नजान आग्रह गरे । अहिले एनआरएनएमा विभाजन देखिनुको अन्तर्य दलीय संकीर्णता भएको उनले बताए । यो महाधिवेशनबाट छुटेका साथीहरूले प्रतिष्ठाको विषय नबनाएर एनआरएनएलाई एकताबद्ध बनाउनु भट्टराईले आग्रह गरे ।

# नेपाली भूमिमा भारतले बनायो तटबन्ध



**दार्चुला/मस–**दार्चुलाको सदरमुकाम खंलगास्थित वीरेन्द्र वनको पारिपट्टिको नेपाली भूमिमा भारतले तटबन्ध निर्माण गरेको छ । भारतले बनाएको तटबन्धका स्थानीय राजनीतिक दल तथा बासिन्दाले विरोध गरेका छन् । २०७० को बाढीपछि भारततर्फ परेको नेपाली भूमिमा भारतले तटबन्ध निर्माण गरिरहेको पाइएको छ । नेपाली भूभागमा भारतीय पक्षबाट एकतर्फी रूपमा तटबन्ध निर्माण भइरहेकाले त्यसलाई अविलम्ब रोक्न कूटनीतिक पहल थाल्नुपर्ने माग गर्दै नेकपा (एमाले) ले प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र बुझाएको छ ।

महाकाली नगरपालिका–४ र ५ भएर बग्ने महाकाली नदी किनारमा भारतले तटबन्ध निर्माण गरिरहेको एमाले दार्चुलाले जनाएको छ । नेपाली भूमिमात्र नभई नदीको धार नै परिवर्तन हुनेगरी तटबन्ध निर्माण जारी रहेकाले त्यसलाई रोक्न प्रमुख जिल्ला अधिकारी अनिल पौडेलमार्फत परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाइएको एमाले जिल्ला कमिटी अध्यक्ष ज्ञानेन्द्र घर्तीले जानकारी दिए । कूटनीतिक माध्यमबाट समस्याको समाधान यथाशक्य चाँडो गर्न परराष्ट्रको ध्यानाकर्षण गराइएको अध्यक्ष घर्तीको भनाइ छ । महाकाली नदीको गल्फैपारि र खुलामञ्चपारिको क्षेत्रमा अन्तर्राष्ट्रिय सीमारेखा मिचेर तटबन्ध निर्माण भइरहेको जानकारी दिँदै अध्यक्ष घर्तीले त्यसलाई रोक्न माग गरे । भारतले निर्माण गरिरहेको तटबन्धका सम्बन्धमा तत्काल कूटनीतिक पहल थाल्न आफूले पत्राचार गरेको प्रमुख जिल्ला अधिकारी पौडेलले बताए । आफू निरन्तर भारतीय समकक्षीहरूसँग सम्पर्कमा रहेको बताउँदै उनले निर्माण रोक्न आग्रह गरिएको उल्लेख गरे ।

# जनकपुरमा १ दिने अभिमुखीकरण

**जनकपुर/मस–** नेपाली कांग्रेस मधेश प्रदेशको पदाधिकारी तथा विभागीय प्रमुखहरूको एक दिने अभिमुखीकरण कार्यक्रम शनिबार जनकपुरधाममा सम्पन्न भएको छ ।

मधेश प्रदेश विभागीय प्रमुखहरूको अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली कांग्रेसका मधेश प्रदेश सभापति कृष्ण यादवले प्रदेशका ८ वटै जिल्लाका सबै स्थानीय तहमा रहेका संगठनलाई चलायमान बनाई पार्टीको संगठनात्मक कार्यलाई बलियो बनाउनुपर्नेमा जोड दिए ।

पार्टीमा लागेका सम्पूर्ण नेता र कार्यकर्ताहरूलाई पूर्ण इमानदारीका साथ काम गर्न निर्देशन दिँदै प्रदेश सभापति यादवले मधेशमा नेपाली कांग्रेसलाई बलियो बनाउनुका साथै पहिलो पार्टीका रूपमा स्थापित गराउनुपर्ने दायित्य रहेको बताए ।

कार्यक्रममा महामन्त्री बृहस्पतिकृष्ण श्रेष्ठले विभागीय प्रमुखलाई विधानसभाले प्रशिक्षण दिँदै प्रदेशका पदाधिकारी तथा विभागीय प्रमुखहरूलाई पार्टीका नीति तथा विधि विधानको विषय र जिम्मेवारीका बारेमा जानकारी गराए ।

नेपाली कांग्रेसका उपसभापति वीरेन्द्रप्रसाद सिंहले विभागीय प्रमुखहरूलाई नेपाली कांग्रेसको विधानलाई अध्ययन गरेर सबैको जिम्मेवारी तथा काम, कर्तव्यका विषयमा जानकारी दिए । नेपाली कांग्रेस मधेश प्रदेश कार्यसमिति विभागीय प्रमुख एवं सचिवहरूका लागि १ दिने अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा कोशी प्रदेश सभापति उद्धव थापाले कांग्रेसलाई बलियो बनाउन यसका नेता, कार्यकर्ताको महत्त्वपूर्ण भूमिका हुने बताए । नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति चन्द्रशेखरकुमार यादवले जिल्लाको भावी योजना र रणनीतिका बारेमा बताए ।

जनकपुरधामस्थित प्रदेश कार्यालय सभा हलमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस मधेश प्रदेश कार्यसमितिका सदस्यहरू, विभिन्न विभागीय प्रमुख तथा सचिवहरू, पार्टीबाट आमन्त्रित सदस्यहरूलगायतका विभिन्न विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको प्रचारप्रसार प्रमुख नितेशकुमार गुप्ताले जानकारी दिए ।

# तमु (गुरुङ) समाज कतारको अध्यक्षमा दिनेश सर्वसम्मत चयन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २० वैशाख




तमु (गुरुङ) समाज कतारको ११औं अधिवेशन चन्द्र प्रसाद गुरुङ (दिनेश) को अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गर्दै सकिएको छ ।


समुद्घाटन र बन्द सत्र गरी दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट नयाँ कार्यसमितिका प्रथम उपाध्यक्षमा प्रथम उपाध्यक्ष ओमराज गुरुङ, दित्तीय उपाध्यक्ष ज्ञानु गुरुङ (डिजन) तृतीय उपाध्यक्ष सिला गुरुङ, महासचिव धन गुरुङ सचिबद्धय दुर्गा गुरुङ र सुजन गुरुङ, कोषाध्यक्ष चन्द्र प्रकाश गुरुङ, सह- कोषाध्यक्ष परमेश्वर गुरुङ रहेका छन् ।

त्यस्तै समाज मातहत रहेको बचत कोषको संयोजक प्रकाश गुरुङ, सांस्कृतिक अध्यक्ष उदय गुरुङ, खेलकुद अध्यक्ष प्रेम गुरुङ, महिला संयोजक तिलमाया गुरुङ, पूर्वाञ्चल संयोजक श्री गुरुङ, पश्चिमाञ्चल संयोजक राजकुमार गुरुङ, प्हे ता ल्हु ता संयोजक धिरज गुरुङ रहेका छन् । त्यस्तै सदस्यहरूमा बलबहादुर गुरुङ, पुष्पा गुरुङ, सम्झना गुरुङ (सी), दिलीप गुरुङ, मुस्कान गुरुङ, सुजन गुरुङ रहेका छन् । अधिवेशनको समुद्घाटन सत्र नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष तथा तमु ह्युल छोंज धिं गुरुङ राष्ट्रिय परिषद् र अन्तर्राष्ट्रिय तमु परिषद्का पूर्व अध्यक्ष रेसम गुरुङको प्रमुख आतिथ्यता तथा समाजकी अध्यक्ष टौमाया गुरुङको सभाध्यक्षतामा सम्पन्न भएको हो ।

अधिवेशनमा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि गुरुङले नेपालमा आदिवासी जनजातिको आन्दोलनमा नेपालीहरूको साथको अपरिहार्यता तथा आवश्यकता औंल्याए ।

जनजातिको इतिहास, आन्दोलन र उपलब्धिको व्याख्यामै लामो समय खर्चिएका गुरुङले नेपालमा मुख्यतया जनजाति भाषाको प्रयोग र जातको समस्या रहेको बताउँदै उनले आदिवासीहरूले समानता चाहेको बताउँदै पछाडि पारिएकालाई अगाडी नल्याएसम्म देशमा विकास सम्भव नहेरेको बताए । उनले तमु प्ये ल्हु संघ र तमु समाजबीच नीति तथा कार्यगत एकता हुनुपर्ने बताए ।

# जलवायु न्याय र श्रमिक अधिकारका सवालमा सम्मेलन हुने




काठमाडौं/मस- काठमाडौंमा जलवायु न्याय र मर्यादित श्रम सम्बन्धी 'अभियान सम्मेलन' हुने भएको छ । एक्शनएड इन्टरनेश्नल नेपाल, नेपाल महिला एकता समाज र युथ एड्भोकेसी नेपालको सहकार्यमा (मे ५-६) अर्थात वैशाख २२-२३ मा सम्मेलन हुने भएको हो । नेपाल प्रज्ञा प्रतिष्ठान कमलादिमा हुने राष्ट्रियस्तरको सो कार्यक्रममा युवा अभियान्ता, अनौपचारिक क्षेत्रका श्रमिकहरू,कृषकहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा सरकारी सरोकारवालालाई एकै मञ्चमा ल्याई २ मुख्य विषय जलवायु न्याय र मर्यादित श्रमका मुद्दामा समाधान खोजने प्रयास गरिने युथ एड्भोकेसी नेपालका अध्यक्ष गणेश धामीले जानकारी दिए ।

अभियान सम्मेलनबाट जलवायु प्रतिरोधात्मक पूर्वाधार, विपद तयारी र दिगो जिवीकोपार्जनका उपायहरूलाई सरकारी नीतिमा एकिकृत गर्न सहयोग पुर्‍याउने अपेक्षा गरिएको अध्यक्ष धामीले बताए । 'जलवायु न्याय र अनौपचारिक क्षेत्रका श्रमिक अधिकारका पक्षमा वकालत पैरवी गर्दै समस्याहरू सम्बन्धीत सरोकारवाला सम्म पुर्‍याउने हाम्रो उद्देश्य हो', उनले भने ।

कार्यक्रमका बारेमा पत्रकार सम्मेलन मार्फत जानकारी दिदै अभियान्ताहरूले सम्मेलनलाई समुदायका वास्तविक संघर्षमाथि केन्द्रित बनाउने बताएका छन् । महिला र युवा अझैपनि असुरक्षित, कम ज्याला र जोखिमयुक्त श्रममा संलग्न भएकाले त्यो वर्गका विषयलाई नीतिच निर्माणतहसम्म पुर्‍याएर उनिहरूका समस्या समाधान तर्फ लाग्नुपर्ने अहिलेको आवश्यकता भएको आयोजक मध्यको एक संस्था नेपाल महिला एकता समाजले जनाएको छ । अभियानमा मुख्यतया न्युनतम र न्यायोचित ज्यालाको सुनिश्चितता, सुरक्षित र हिंसामुक्त कार्यस्थलको प्रत्याभुति, व्यवसायिक स्वास्थ्य तथा सुरक्षाको ग्यारेन्टी, सामाजिक सुरक्षा र समावेशी योजना, लैंगिकमैत्री सार्वजनिक सेवाको सुनिश्चिततालगायत विषयलाई प्राथमिकताकासाथ अघि बढाइने आयोजनले जनाएको छ ।

# घोडा दौड प्रतियोगितामा मनोज यादव प्रथम

**महमद सदाब/मध्यान्ह**
वीरगन्ज, २० वैशाख



ब्रह्म बाबा संचालक सेवा समिति नगवा र बी.पी. कोइराला युवा नेतृत्व विकास मञ्चको संयुक्त आयोजनामा वीरगन्जको नगवा १६ मा घोडा दौड प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा भारत, बिहार कोतवाका मनोज यादवले प्रथम स्थान हासिल गरेका छन् ।

कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष प्रभु चौरसीयाले गरेका थिए भने प्रमुख अतिथि नेपाली कांग्रेस पर्साका अध्यक्ष तथा मधेश प्रदेशका भूमि व्यवस्थापन, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्री रहेका थिए ।

विशिष्ट अतिथिहरूमा जिल्ला समन्वय समितिका अध्यक्ष अजय सराफ र वीरगन्ज महानगरपालिकाका उपमेयर इम्तियाज आलम थिए । उपमेयर आलमले भारतबाट सहभागी प्रतियोगीहरूलाई धन्यवाद दिँदै यस्ता लोपोन्मुख घोडा दौड प्रतियोगिताले नयाँ पुस्ता, सीमावर्ती क्षेत्र र विदेशी पर्यटकहरूलाई आकर्षित गर्ने बताए ।

प्रतियोगितामा नेपाल र भारतका २० भन्दा बढी घोडाहरू सहभागी थिए । तीन चरणमा सम्पन्न दौडमा भारत, बिहारका यादव प्रथम, मोतिहारीका सोनु यादव द्वितीय र वीरगन्ज छपकैयाका बिचारी यादव तृतीय भएका छन् । विजेताहरूलाई शिल्ड र विभिन्न इलेक्ट्रोनिक सामग्री पुरस्कारस्वरूप प्रदान गरिएको थियो ।

# सशस्त्रका डीएसपी भण्डारीमाथि महिलालाई कुटपिट गरेको आरोप, स्थानीयको विरोध

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २० वैशाख



रौतहटको गौर भन्सारमा खटिएका सशस्त्र प्रहरी बलका डीएसपी गहेन्द्र भण्डारीमाथि एक महिलाले कुटपिट गरेको गम्भीर आरोप लगाएकी छन् ।

दुर्गा भगवती गाउँपालिका ४ पचरुखी निवासी २८ वर्षीया सुनिता देवीले पानी खान भन्सार नजिकै गएको बेला डीएसपी भण्डारीले आफूलाई लौरोले निर्घात कुटपिट गरेको बताइन् । खुट्टामा गम्भीर चोट लागेको र डाम समेत परेको पीडित महिलाले बताएकी छिन् ।

कुटपिटको घटना बाहिरि एसँगै स्थानीय बासिन्दाहरू आक्रोशित बनेका थिए । आक्रोशित भीडले सशस्त्र प्रहरी क्याम्प अगाडि ढुंगामुढा गर्दै विरोध प्रदर्शन गरेका थिए । स्थिति एक घण्टासम्म तनावग्रस्त बनेको थियो ।

न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा समेत उजुरी दिन जाँदा सम्बन्धित निकायबाट कुनै सुनुवाइ नभएको महिलाले गुनासो गरेकी छन् । 'मलाई सशस्त्रले कुटपिट गरेको कुरा बताउँदा पनि कोही बोल्दैनन्, नकुनै कारबाही हुन्छ,' महिलाले भनिन् ।

स्थानीयले दोषी प्रहरीमाथि तत्काल निलम्बन र निष्पक्ष छानबिनको माग गर्दै छन् ।

यसबारे डीएसपी भण्डारीसँग बुझ्दा महिलामाथि कुटपिट भएको भन्ने कुरा असत्य भएको बताए । उनले आफु चार दिन अगाडि मात्र उक्त कार्यालयमा आएको र पोके तस्करहरुविरुद्धको कारबाहीमा कडाइ गरिएपछि आफुविरुद्ध तीनै तस्करहरुले अफवाह फैलाएको बताए । पोके तस्करविरुद्ध कडाइ भएपछि भन्सारको गेटमासमेत ढुंगामुढा र धकेलाधकेलसमेत भएको बताउँदै डीएसपी भण्डारीले आफुविरुद्ध अफवाह फैलाएर तस्करविरुद्धको कडाइ नरोकिने बताए ।

मध्यान्ह
www.madhyanhadaily.com
२१ वैशाख २०८२ आइतबार
4 May 2025, Sunday

## सम्पादकीय

# कार्यक्रमहरूकै समीक्षाको खाँचो

आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को संयुक्त बैठकमा शुक्रबार नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । सरकारले तयार पारेको नीति तथा कार्यक्रम राष्ट्रपति पौडेलले १ घण्टा खर्चिएर प्रस्तुत गरेका हुन् । अघिल्ला वर्षहरूको तुलनामा यस पटक छोटो नीति तथा कार्यक्रम प्रस्तुत भएको छ । राष्ट्रपति पौडेलले ५६ पृष्ठमा समावेश १५५ शीर्षक नीति तथा कार्यक्रम प्रस्तुत गरे । नीति तथा कार्यक्रम अब संसदीय संसद्को प्रतिनिधिसभा र राष्ट्रियसभामा अलग–अलग छलफल भएर पारित हुने छ । संघीय संसद्मा सरकारका पक्षमा दुई तिहाइ बहुमत भएकाले नीति तथा कार्यक्रम पारित हुनेमा कुनै शंका छैन । यदि सत्ता साझेदारबीच खटपट देखियो भने पनि बजेटको मामिला भएकाले सरकार प्रमुखले सजिलै मिलाउने छन् ।

यद्यपि, नीति तथा कार्यक्रममाथि समीक्षा हुने नै छ । सत्ता साझेदार दलका नेताहरूले नीति तथा कार्यक्रमको प्रशंसा गरिरहेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्ना सांसदहरूलाई कुनै शंकाले नीति तथा कार्यक्रमलाई हेर्न आवश्यक नरहेको निष्कर्ष नै सुनाएका छन् । आफूले गलत नगर्ने निष्कर्षसहित प्रधानमन्त्री ओलीले नीति तथा कार्यक्रमको सकारात्मक टिप्पणी गर्न निर्देशन पनि दिएका छन् । सत्ता साझेदार अरू दलहरूले पनि नीति तथा कार्यक्रमकै पक्षमा वकालत गर्नु एक प्रकारले परम्परा नै बनिसकेको छ । विपक्षीमा रहने दलहरूले पनि नीति तथा कार्यक्रमको आलोचना गर्नु संस्कृति नै बनिसकेको छ ।

तर, मुलुकको अर्थतन्त्र सुधार र विकासका निम्त सरकारले ल्याउने वार्षिक नीति तथा कार्यक्रमलाई वस्तुगत आधारमा समीक्षा जरूरी छ । नीति तथा कार्यक्रम बजेटको सैद्धान्तिक पक्ष पनि हो । त्यसैले, बजेटहरूकै समीक्षा गर्न जति जरूरी छ, उत्तिकै आवश्यक नीति तथा कार्यक्रमको सैद्धान्तिक पक्षमा विमर्श आवश्यक छ । सरकार अविच्छिन्न उत्ताराधिकारवाला संस्था भएकाले पनि बजेटहरूकै समीक्षा आवश्यक छ । प्रधानमन्त्री र अर्थमन्त्री नयाँ बनिरहँदा मुलुकको दीर्घकालीन दिशा निर्देश नयाँ हुँदैन, हुनु हुँदैन । अहिलेसम्म नयाँ सरकारको अर्थ बजेट पनि नयाँ भन्ने भाष्यले राष्ट्रिय महत्त्वका परियोजनाहरू लथालिंग बन्ने गरेको छ । विकासले गति नलिने तर ठूला परियोजना घोषणाको होड चल्ने गरेको छ । सामाजिक सुरक्षा कार्यक्रमहरू पनि दलहरूको भोट–राजनीतिमा व्यवस्थित हुन सकिरहेका छैनन् । त्यसैले, कुनै वर्ष विशेषलाई मात्र आधार नमानी समग्रमा नीति तथा कार्यक्रम र बजेटहरूकै समीक्षा आवश्यक छ ।

## अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

'राजा आऊ, देश बचाऊ' भन्दै विभिन्न थरिका नारा, जुलुस निस्केका छन् । 'गणतन्त्र मुर्दावाद'भन्न थालिएको छ । राँके, मैनबत्ती, सिठी, सबै किसिमका जुलुस छन् र राजावादीहरू अधिकांश एकै मञ्चमा आइसकेका छन् । अब दुई कित्तामा देश विभक्त छ...

# मौसमी आन्दोलन र मेलमिलाप नीति

*हाल चलेको आन्दोलन मौसमी हो भनेर नजरअन्दाज गर्नुभन्दा सबै अटाउने र सबैलाई साझा चौतारीको अनुभूति दिलाउने राजनैतिक प्रणाली चयन गरी बिना रक्तपात देशमा नेतृत्व परिवर्तन हुन जरुरी छ...*

देशैभरि मौसमी आन्दोलनहरू भइरहेका छन् । यसपालिको आन्दोलनले अलिक जटिल मोड लिने जस्तो देखिएको छ । सत्ताधारीहरूलाई अलि धक्का दिएजस्तो लाग्छ । शैक्षिक गुरुहरू सडकमा आउनु भनेको त्यो देशमा कुनै धर्म, संस्कार, संस्कृति, आदर्श, अनुशासन, आविष्कार सकिएको मान्नुपर्ने हुन्छ । देश एटम बमबाटै मात्र ध्वस्त हुने होइन, त्यहाँको शिक्षा कुरूप छ भनेपछि देश कुरूप भन्ने बुझिन्छ ।

गुरुहरू पनि झोला नबोक्ने त खासै कोही भएनन्, झोलामा पुस्तक, कापी, कलम हाले त हुन्थ्यो, झन्डा पनि हालेकाले दलहरूले पनि घुर्क्याउन पाइहाले अहिले, यो सिकाएको पनि दलहरूले नै हो । पानीको फोहोराले तिनलाई चोखो पारे जस्तो अझै लागेको छैन, आँखै टुट्ने गरी चुटेको र गाला भत्किएर रक्ताम्मे भएका शिक्षकहरूको फोटाहरू पनि आइरहेका छन् । शिक्षकले रूख चढे, सूर्य हेरे, हँसिया र हथौडाले पनि हिर्काए, हलो, गाई समात्नेको त संख्या कम हुने नै भयो । त्यसो गरे बापत नयाँ बानेश्वरमा झण्डै १ महिना गीत गाउँदा पुरस्कार पनि पाए, लाठी र पानीको फोहरा । यसौं भनौं चोखो पानीले अब चोखिने हुन् कि ?

आँखैमा चोट लागेकोले अब गुरुहरूको आँखा खुल्छ होला, झोले कार्यकर्ता भन्दा जनता कम भएको देशमा । रक्त सिञ्चित गाला लिएर फर्कने गुरुहरू फेरि तिनै दलको झन्डा नलेऊन्, आशा गरौं । गर्मी मौसममा आँत हरहर भएको बेला सरकारले पानीको फोहोरा दिएर शीतल गरायो, जे भयो राम्रो भयो होला, तर शिक्षकहरू छेडखानी नगरी काठमाडौं नछोड्ने भन्दै छन् । सडक विद्यार्थी भर्नाको समय हो यो, त्यसैले भर्ना हुने समय भर यता बन्द गर्न पाए आफ्नैले चलाएका निजी संस्थाहरू अझ बलिया हुन्थे, स्वास्थ्य संस्था पनि त्यस्तै छन् । दलहरूको मनोभाव बुझ्न पनि कठिन छैन, चुनाव भइरहन्छ देशमा, सहयोग पनि गरेको, समानुपातिकमा पनि परेको कति राम्रो उखान टुक्का छ यहाँ ।

देश चलाउन उखान टुक्का र ८ पास नै पर्याप्त छ, बाँकी डिग्री त बिक्रीका लागि हो, बिक्री नभएर बेरोजगार त धेरै नै छन् यहाँ । गुरुहरूले संस्कार सिकाएनन्, टाइ सुट लाए, आफ्नो राष्ट्रिय पोसाकमा विद्यार्थी तयार पारेनन्, पार्न दिइएन, मन्त्रालय, विदेश वा संसदमै यस्तो भएन, अन्यत्र कसरी ?

चिकित्सकहरू सेतोकोट लाउँदै आन्दोलनमा आए, लघुवित्तवालाहरू त आधा नाङ्गै आए, कालो पेटिकोटमा, अब त पूरै नाङ्गो हुने पनि भनेका छन्, देश नाँगिसकेको छ । ग्रे लिस्टबाट ब्ल्याक लिष्टको तरखरमा छ भने पछि मान्छे नाङ्गिनुमा कुनै आपत्ति भएन । सहकारीवालाहरू पहिले नै नाँगिसकेका छन् । कर्मचारी पेशागत सबैजसोले आफ्नो हैसियत देखाइसकेका छन् । संसदमै नग्न शरीर देखाइएको छ । सडकमा त ठूलो कुरो पनि भएन । लोकतन्त्र र गणतन्त्र पूरै नाङ्गिइसकेको छ, भ्रष्टाचारले, ऋणले, महँगीले, युवा पलायनले, व्यापार-घाटाले, अति ठूलो करको भारले ।



देशभित्र र बाहिर सबैतिर 'राजा आऊ, देश बचाऊ' भन्दै विभिन्न थरिका नारा, जुलुस निस्केका छन् । 'गणतन्त्र मुर्दावाद' भनिएको छ । राँके, मैनबत्ती, सिठी, सबै किसिमका जुलुस छन् र राजावादीहरू अधिकांश एकै मञ्चमा आइसकेका छन् । अब दुई कित्तामा देश विभक्त छ, राजावादी र गणतन्त्रवादी कित्ता, पहिले कांग्रेस र कम्युनिस्ट कित्ता थियो पछि अर्को माओवादी कित्ता थपियो, अधिक संख्यामा र अरू छिटफुट थिए, अब देश दुई कित्तामा धुर्वीकृत भएको छ । राजसंस्था लोकतान्त्रिक हुने अरूले बन्दुक चलाए हामीले फूल चलाउने हो भन्दै अगाडि आएका छन् ।

अतीतमा धेरैको अकाल मृत्युको पाठ सिक्नुपर्छ र अहिंसात्मक आन्दोलनले देशले चाहेको परिवर्तन सम्भव पनि हुन्छ । शक्तिशालीको पन्जाबाट, शान्तिपूर्ण भद्र अवज्ञाबाटै भारत स्वतन्त्र भएको उदाहरण छ । राजसंस्था निरंकुश हुन्न, हुनु हुन्न पनि, राज्य सञ्चालन नेपालीले नै गर्नुपर्ने लोकहित र अभिमत बुझेर र मियो वा अभिभावक त्यो संस्था हुने भनिँदै छ भने अन्यथा मान्नु हुन्न पनि । डर र भर बिनाको वैदेशिक विचारको राजनैतिक प्रणाली सञ्चालन गरेर देशलाई नाङ्गो पार्नुभन्दा आफ्नै पनको आफैंले राजनीति सञ्चालन गरेर मौलिकपनबाटै देश सिँगार्ने प्रयत्न गर्नु नराम्रो होइन ।

देशमा जल्दा बल्दा समस्या धेरै छन् । विदेशीको चलखेल हुन दिनु हुन्न । तिनले परेड खेल्न सक्ने वातावरण बन्नु राम्रो होइन । सम्भवतः भारत, चीन, अमेरिकाले पनि अब यहाँका विषय छर्लङ्ग बुझिसकेको होला । यहाँबाट नो-नो भनिए तिनले दबाब अब दिन सक्दैनन्, अतीतमा के भयो भन्ने तिनले नै अहिले सबै कुरो खोतलिसकेका छन् ।

पोखरा विमानस्थलको रडाको फेरि बल्झेको छ । काम पूरा नभई धरहरा जस्तै गरी छिटो उद्घाटन भयो । उद्घाटनको केही समय नबित्तै जहाज दुर्घटनाबाट धेरै ठूलो जनधनको क्षति भयो । त्यो विमानस्थल बनेको ऋण तिर्ने आयआर्जन गर्न भारतले उसको बाटोबाट व्यावसायिक उडान रूट पर्मिट नदिन सक्छ, तर त्यत्रो कूटनैतिक पहल गर्ने ल्याकत पनि यहाँ छैन । भैरहवा विमानस्थलको कुरो पनि त्यस्तै छ । यहाँ पशुपतिमामा क्विन्टल सुन चढाएर त्यसमै आफ्नो नाम लेखाएकाले बुझ्न सकेका छैनन्, बरु पण्डा बनेर कालेश्वरतिर हान्निए, यहाँको धर्म जगेर्ना हाम्रा सञ्चालकले गरेनन्, यो तीतो सत्य नेपालीलाई मात्रै होइन, देश देशावर सबैलाई थाहा छ ।

अतः हाल चलेको आन्दोलन मौसमी हो भनेर नजरअन्दाज गर्नुभन्दा सबै अटाउने र सबैलाई साझा चौतारीको अनुभूति दिलाउने राजनैतिक प्रणाली चयन गरी बिना रक्तपात देशमा नेतृत्व परिवर्तन हुन जरुरी छ । यो राष्ट्रिय मेलमिलाप र राउन्ड टेबुल टकबाटै सम्भव पनि छ ।

## इतिहासमा आज

३ मे १९८६ मा श्रीलंकाको कोलम्बो विमानस्थलमा एयर लंका उडान ५१२ मा बम विस्फोट हुँदा २१ जनाको मृत्यु र ४१ जना घाइते भएका थिए ।




३ मे १९९९ मा भारतीय पक्षबाट पाकिस्तानी सैनिकहरूको घुसपैठको घटनापछि कारगिल युद्धमा परिणत भएको थियो ।



३ मे २००६ मा रूसको सोचीमा रहेको सोची अन्तर्राष्ट्रिय विमानस्थल नजिकै अर्माभिया उडान ९६७ कालो सागरमा दुर्घटनाग्रस्त भएको थियो । जसमा ११३ जनाको मृत्यु भएको थियो ।



३ मे २०२३ मा सर्बियाको बेलग्रेड स्कूलमा भएको गोलीबारीमा ९ विद्यार्थी र १ सुरक्षा गार्डको मृत्यु भएको थियो ।



# संविधान संशोधन : आवश्यकता, प्रक्रिया र चुनौतीहरू

## विचार



● सन्दीप पनेरू

*राजनीतिक दलहरुबीच सहमति, प्रदेशहरुको सहभागिता र राष्ट्रिय हितलाई ध्यानमा राखेर मात्र संविधान संशोधन प्रक्रियालाई अगाडि बढाउन सकिन्छ । सबै पक्षले लचकता अपनाई संवाद र सहकार्यको माध्यमबाट संविधान संशोधनको बाटो पहिल्याउनु आजको आवश्यकता हो...*

नेपालको संविधान, २०७२ जारी भएदेखि नै विभिन्न कोणबाट यसको संशोधनको आवश्यकता महसुस गरिएको छ । संविधान गतिशील दस्तावेज भएकाले समय र परिस्थितिको मागअनुसार यसमा परिवर्तन गर्नु स्वाभाविक हो । तर, नेपालको सन्दर्भमा संविधान संशोधन एक जटिल प्रक्रिया बन्न पुगेको छ, जसले विभिन्न राजनीतिक र सामाजिक चुनौतीहरूलाई जन्म दिएको छ ।

नेपालको संविधान जारी भएदेखि नै असन्तुष्ट पक्षहरूले विभिन्न मुद्दाहरू उठाएका छन्, जसले संशोधनको आवश्यकतालाई औंल्याउँछ । प्रमुख रूपमा नागरिकता, प्रदेश सीमांकन, राष्ट्रियसभामा प्रतिनिधित्व, भाषा र धर्म जस्ता विषयहरूमा असन्तुष्टिहरू छन् ।

मधेशी समुदाय, आदिवासी जनजाति, महिला, युवालगायत विभिन्न समूहहरूले संविधानमा आफ्ना पहिचान र अधिकार हरूको पर्याप्त सम्बोधन नभएको महसुस गरेका छन् ।

नागरिकताको मुद्दा लामो समयदेखि पेचिलो बन्दै आएको छ । जन्मसिद्ध नागरिकका सन्तानले नागरिकता प्राप्त गर्न कठिनाइ भोगिरहेका छन् । त्यस्तै, प्रदेश सीमांकनको विषय पनि राजनीतिक सहमति जुट्न नसक्दा थाँती छ । विभिन्न प्रदेशमा बसोबास गर्ने समुदायहरूले आफ्नो पहिचान र भौगोलिक सुगमतालाई ध्यानमा राखेर सीमांकन हुनुपर्ने माग राख्दै आएका छन् ।

राष्ट्रियसभामा प्रतिनिधित्वका सवालमा पनि समावेशिताको प्रश्न उठेको छ । सबै वर्ग र क्षेत्रको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने आवाजहरू बुलन्द छन् । भाषा र धर्मको विषयमा पनि संविधानले सबैलाई समान स्थान दिनुपर्ने माग छ । यी र यस्ता विविध कारणहरूले नेपालको संविधान संशोधनको आवश्यकतालाई अपरिहार्य बनाएको छ ।

### संविधान संशोधनको प्रक्रिया

नेपालको संविधानको धारा २७४ मा संविधान संशोधनको प्रक्रिया उल्लेख गरिएको छ । संविधान संशोधन गर्न चाहने सांसदले संघीय संसदको कुनै पनि सदन (प्रतिनिधिसभा वा राष्ट्रियसभा)मा संशोधन विधेयक दर्ता गर्नुपर्छ ।

दर्ता भएको विधेयकमाथि सम्बन्धित सदनमा प्रारम्भिक छलफल हुन्छ । छलफलपछि विधेयकलाई सैद्धान्तिक सहमति दिने वा नदिने भन्ने निर्णय गरिन्छ । सैद्धान्तिक सहमति पाएको विधेयकलाई दफावार छलफलका लागि सम्बन्धित संसदीय समितिमा पठाइन्छ । समितिले आवश्यक संशोधन र सुझावहरू सहितको प्रतिवेदन सदनमा पेस गर्छ ।

समितिबाट प्राप्त प्रतिवेदनमाथि सदनमा दफावार छलफलपछि मतदान हुन्छ । संविधानको केही भाग संशोधन गर्न दुवै सदनको दुई तिहाइ बहुमत आवश्यक पर्छ । तर, प्रदेशको सीमांकन वा नाम परिवर्तन जस्ता विषयमा सम्बन्धित प्रदेशसभाको सहमति पनि अनिवार्य हुन्छ ।

दुवै सदनबाट दुई तिहाइ बहुमतले पारित भएको संशोधन विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गरेपछि संविधानको अंग बन्छ ।

संविधान संशोधनको यो प्रक्रिया आफैंमा जटिल र समय सापेक्ष छ । दुई तिहाइ बहुमत जुटाउन राजनीतिक दलहरूबीच सहमति र सहकार्य आवश्यक पर्छ, जुन नेपालको राजनीतिक परिदृश्यमा चुनौतीपूर्ण देखिन्छ ।

### संविधान संशोधनका चुनौतीहरू

नेपालको संविधान संशोधनको प्रक्रियामा धेरै चुनौतीहरू रहेका छन् । तीमध्ये केही प्रमुख चुनौतीहरूलाई यहाँ चर्चा गरिएको छ । संविधान संशोधनका लागि प्रमुख राजनीतिक दलहरूबीच राष्ट्रिय सहमति कायम हुन नसक्नु सबैभन्दा ठूलो चुनौती हो । दलहरू आफ्ना अडानमा कायम रहँदा संशोधन प्रक्रिया अगाडि बढ्न सकेको छैन । प्रदेश सीमांकन जस्ता विषयमा प्रदेश सरकार र त्यहाँका जनताको असन्तुष्टि कायमै छ ।

संविधान संशोधन गर्दा प्रदेशहरूको सहमति जुटाउनु आवश्यक छ, जुन सजिलो देखिँदैन । संघ, प्रदेश र स्थानीय तहबीचको शक्ति बाँडफाँटलाई लिएर पनि विभिन्न मतभेदहरू छन् । संविधान संशोधन गर्दा यो विषयलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ, जसमा सहमति जुटाउन कठिन हुन सक्छ ।

संविधानको आधारभूत संरचना परिवर्तन गर्न नपाइने संवैधानिक प्रावधानले पनि संशोधनको दायरालाई सीमित गरेको छ । कुन विषय संविधानको आधारभूत संरचनाअन्तर्गत पर्छ भन्नेमा पनि विवाद हुन सक्छ । केही महत्त्वपूर्ण विषयमा संविधान संशोधन गर्नुअघि जनमतसंग्रहको आवश्यकता महसुस गरिएको छ । तर, जनमतसंग्रहको प्रक्रिया र यसको परिणामलाई स्वीकार गर्ने राजनीतिक इच्छाशक्तिमा कमी देखिन्छ ।

नेपालको संविधान संशोधनको प्रक्रियामा बाह्य शक्तिहरूको चासो र हस्तक्षेपको जोखिम पनि रहेको छ । यसले संशोधन प्रक्रियालाई थप जटिल बनाउन सक्छ ।


निष्कर्षमा, नेपालको संविधान संशोधन एक संवेदनशील र जटिल विषय हो । संविधानलाई समय सापेक्ष बनाउन र असन्तुष्ट पक्षहरूको मागलाई सम्बोधन गर्न संशोधन आवश्यक छ । तर, राजनीतिक दलहरूबीच सहमति, प्रदेशहरूको सहभागिता र राष्ट्रिय हितलाई ध्यानमा राखेर मात्र संविधान संशोधन प्रक्रियालाई अगाडि बढाउन सकिन्छ । चुनौतीहरू धेरै भए पनि सबै पक्षले लचकता अपनाई संवाद र सहकार्यको माध्यमबाट संविधान संशोधनको बाटो पहिल्याउनु आजको आवश्यकता हो । यसले मात्र नेपालको राजनीतिक स्थिरता र विकासमा टेवा पुऱ्याउन सक्छ ।

## सामाजिक सञ्जाल



**सूर्यराज आचार्य**

गन्तव्यमा अलि छिटो पुगिन्छ कि भनेर प्लेनको टिकट लियो, एयरपोर्टमा कुर्दाकुर्दै हत्तु ! सुलभ आवागमनका लागि भरपर्दो सडक या रेल पूर्वाधारबिना आर्थिक विकास सम्भव छैन । तर, पूर्वाधार विकासको हाम्रो सोच र योजना त्यसतर्फ उन्मुख छैन । सिर्फ कामचलाउमै सीमित छ ।



**शरदराज पाठक**

चौथाइवालेजी काठमाडौं आउनुभयो । २ दिनमा अपवादबाहेक सबै 'नेता'लाई होटलमा लाइनमा उभ्याएर पालैपालो भेट्नुभयो । गत महिना हाम्री परराष्ट्रमन्त्री १० दिन दिल्ली बस्नुभयो । राष्ट्रिय लज्जा कुन हदमा प्रदर्शन भएको थियो, बताइरहनु नपर्ला । बदल्नुपर्ने यही हो । राष्ट्रिय स्वाभिमानको प्रश्न हो ।



**प्रेम मगर**

राजनीतिभन्दा निकै टाढा रहेका नवयुवराज हृदयेन्द्र वीरविक्रम शाहलाई अनावश्यक रूपमा बहसमा तान्ने प्रयास किन हुँदै छ ? उनले न कहिल्यै राजनीतिमा अभिरुचि देखाएका छन्, न त राजा बन्ने चाहना नै व्यक्त गरेका छन् । त्यस्तो व्यक्तिलाई प्रधानमन्त्रीको तहबाट समेत ध्वाँस/चेतावनी दिइरहनु आवश्यक थियो ?



**विमल पोखरेल**

सार्वजनिक यातायातमा कान पाट्टिनेगरी हिन्दी, अंग्रेजी, नेपाली, चिनियाँ दुनियाँथरि गीत बजाएर पूरै आतंकित गरिन्छ । अत्यावश्यक फोन पनि उठाउन सकिँदैन । सार्वजनिक यातायातमा जडान गरिएका स्पिकर तत्काल हटाइयोस् । गीतको आतंक तत्काल बन्द गरियोस् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# प्रेस स्वतन्त्रता हननका घटनामा वृद्धि

**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा सम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुका साथै लैंगिक समानता पुरस्कार वितरण गरेको छ । विश्व प्रेस स्वतन्त्रता दिवसका अवसमा मे ४ सन् २०२४ देखि २०२५ अप्रिल ३० सम्म महासंघको सञ्चार अनुगमन इकाइमा अभिलेख भएका घटनाको प्रतिवेदन सार्वजनिक गरेको हो । कार्यक्रममा प्रमुख अतिथि एवं राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले पत्रकारहरु मानव अधिकारको रक्षक रहेको भन्दै त्यसमा सहकार्य गरी अघि बढ्नुपर्ने बताए ।

उनले मानव अअधिकारको पक्षमा क्रियाशिल सबै एक भइ सरकारलाई दबाब दिनसकेमात्र मानव अधिकार थप सुदृढ हुनेमा जोड दिए । नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माले विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा शुभकामना दिँदै यस वर्ष प्रेस स्वतन्त्रता हननका ७३ वटा घटना अभिलेख भएको बताइन् । उनले गत वर्षको तुलनामा यस वर्ष प्रेस स्वतन्त्रता हननका घटनामा वृद्धि भएको बताउँदै ७३ वटा घटनामा २ जना पत्रकारको हत्या भएको छ । गिरफ्तारी २, कब्जा तथा अवरोध ९, पत्रकार दुर्व्यवहार तथा धम्कीका २४, आक्रमणका २० वटा घटना रहेका छन् । यस्तै, पेशागत असुरक्षाका १६ वटा घटना रहेको जानकारी दिइन् ।



नेपाल पत्रकार महासंघका पूर्व सभापति हरिहर विरहीले प्रेस स्वतन्त्रताको दुरुपयोग भएको गुनासो बढिरहे भन्दै त्यसतर्फ सोच्नुपर्ने बताए । उनले राज्यले नियमनका नाममा नियन्त्रण गर्छ कि भन्नै त्रास बढिरहेको भन्दै सजक रहनुपर्ने धारणा राखे ।

कार्यक्रममा चैत १५ गते तीनकुने घटनामा मारिएका पत्रकार सुरेश रजकका सम्बन्धमा महासंघले तयार पारेको घटनाको प्रतिवेदन सार्वजनिक गरिएको छ । महासंघका उपाध्यक्ष उमिद बागचन्द्रको अध्यक्षतामा गठित छानबिन समितिले यतार पारेको प्रतिवेदन सार्वजनिक गरेको हो । त्यसैगरी, विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा महासंघले लैंगिक समानता तथा सामाजिक समावेशिता पुरस्कार २०८२ 'जिइएसआइ च्याम्पियन मिडिया अवार्ड' बाट सामुदायिक रेडियो टीकापुर एफएम १०१ मेगाहर्ज, कैलालीलाई सम्मान गरेको छ । २०८२ वैशाख २ गते आवेदन आह्वान गरिएको यस पुरस्कारमा कुल २३ सञ्चारमाध्यमले सहभागिता जनाएका थिए। प्राप्त आवेदनहरू मध्ये अनलाइन पोर्टलतर्फ ७ (२९प्रतिशत), रेडियो/एफएमतर्फ १३ (५४प्रतिशत), टेलिभिजनतर्फ १ (४ प्रतिशत) र पत्रपत्रिकातर्फ ३ (१३ प्रतिशत) रहेका थिए ।

महासंघका वरिष्ठ उपाध्यक्ष दिपक आचार्यले धन्यवाद ज्ञापन गर्दै प्रेस स्वतन्त्रतका विभिन्न घटनाले प्रेसको अवस्था उजागर गरेको भन्दै प्रेस स्वतन्त्रता पत्रकारका लागि मात्र नभए सबैका लागि आवश्यक रहेको बताए । उनले प्रेस स्वतन्त्रताको सुरक्षाका लागि सबै एक भएर अघि बढ्नुपर्ने बताए ।

# 'गणतन्त्रवादीको आन्दोलनले प्रतिगमनवादी पराजित'

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २० वैशाख

संविधानसभाका सदस्य तथा कर्णाली सरकारका पूर्वमन्त्री नरेश भण्डारीले गणतन्त्रवादीहरूले आयोजना गरेको आन्दोलनले प्रतिगमनवादीहरूलाई पराजित गरिदिएको बताएका छन् । पूर्वमन्त्री भण्डारीले गणतन्त्रमाथि धावा बोल्न खोज्ने राजामान्ने राजावादीहरुले चैत १५ मा गरेको आन्दोलनबाटै सकिएको दाबी गरे ।

उनले जनताले ठूलो कुरवानी र संघर्ष गरेर आएको गणतन्त्रका विरुद्ध जनता सचेत हुनु पर्नेमा जोड दिए । तीनकुनेमा राजावादीले गरेको आन्दोलनका कमाण्डर नै भाग्ने गरि अराजक आन्दोलन गरेको पुष्टि जनताले थाहा पाइसकेको बताए ।



रिपोटिङमा गएका पत्रकारलाई समेत जलाएर मार्ने अराजक आन्दोलन राजावादीको भइरहेको, एकदिनमै विभिन्न स्थानमा कब्जा गर्ने राजावादीको दिवा सपना चकनाचुर भएको उनले बताए । उनले सोही दिन गणतन्त्रवादीहरुको भृकुटीमण्डपमा भएको प्रदर्शनले नागरिकमा गणतन्त्रमाथिको हमलाविरुद्ध जनता जागरुक छन् भन्ने पुष्टि भएको बताए । नेकपा माओवादी केन्द्र जुम्लाले हिमा गाउँपालिकामा आयोजना गरेको गाउँपालिका अधिवेशन उद्घाटन गर्दै पूर्वमन्त्री तथा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य, जिल्ला इन्चार्ज भण्डारीले जुम्लामा २०८४ को निर्वाचन माओवादीमय, गणतन्त्रमय बन्ने दाबी गरे ।

जुम्लाका सांसद ज्ञानेन्द्र शाहीलाई लक्षित गर्दै जुम्लाले ०८४ मा राजाका मतियारलाई माटोमा मिलाईदिने घोषणा समेत गरेका छन् । वि.सं २०७९ सालको संसदीय निर्वाचनमा जुम्लामा स्थापित नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेसको गठबन्धनकाविरुद्ध लडेका शाहीले निर्वाचन जितेपछि जुम्लाको राजनीतिक वृत्तमा फरक तरंग छाएको थियो । तर मन्त्री भण्डारीले अब जुम्लामा गणतन्त्रवादी त्यसमा पनि माओवादीले जुम्ला विजय गर्ने दाबी छ ।

जुम्लालाई उज्यालो दिने चुकेनी जलविद्युत, आठ हजार धाराको धौलीगाडको खानेपानीका परिकल्पनाकार समेत रहेका भण्डारीले स्थानीय तहमा समेत माओवादीले वर्चस्व बढाउने दाबी गरे ।

अधिवेशनमा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य गोमा कुँवरले गणतन्त्रको रक्षाको लागि सवे सवै सचेत भएर अगाडि बढ्न अनुरोध गरे । उनले गाउँवस्तीमा अब माओवादीबाटै आशा पाएको बताए । जुम्लामा नेकपा माओवादी केन्द्रले अहिले पालिकास्तरीय अधिवेशन गरिरहेको छ । पातारासी गाउँपालिकामा भक्तबहादुर बुढा, गुठिचौर गाउँपालिकामा जितेन्द्र लामाको संयोजकत्वमा पालिका स्तरीय कमिटी सर्वसम्मत चयन भएका छन् ।

यसैगरी हिमा गाउँपालिकामा सुरू भएको छ भने अन्य पालिकामा निरन्तर अधिवेशन हुने तालिका रहेको जिल्ला अध्यक्ष नवराज न्यौपानेले जानकारी दिए । उनले अधिवेशनबाट सबै वडादेखि पालिकासम्म माओवादी केन्द्रको नयाँ र जुजारु नेतृत्व आउने बताए ।

# पत्रकार बुढाथोकी र भण्डारी सम्मानित

**विराटनगर/मस-**सूचनाको हकका क्षेत्रमा क्रियाशील रहेका पत्रकार किशोर बुढाथोकी र सुरेन्द्र भण्डारी शनिबार विराटनगरमा आयोजित एक विशेष समारोहमा पुरस्कृत भएका छन् ।

बुढाथोकीलाई यस वर्षको 'षष्टिका बस्नेत सूचनाको अधिकार पुरस्कार २०८१' प्रदान गरिएको हो । नेपाल पत्रकार महासंघ मोरङ शाखाले प्रदान गर्ने सो पुरस्कारको राशी १ लाख १ सय रुपैयाँ रहेको छ । उनी विगत १३ वर्षदेखि सूचनाको हकको क्षेत्रमा सक्रिय छन् ।

भोजपुरको षडानन्द नगरपालिका-८ तुङ्गेछा घर भएका बुढाथोकी दुई दशकभन्दा बढी समयदेखि पत्रकारितामा क्रियाशील छन् । उनले आफ्नो पत्रकारिता यात्रा संखुवासभाबाट सुरु गरेका थिए भने २०६८ सालदेखि विराटनगरमा रहेर निरन्तर पत्रकारिता गरिरहेका छन् ।

यसैगरी, झापाका पत्रकार सुरेन्द्र भण्डारीलाई 'षष्टिका बस्नेत सूचनाको अधिकार प्रोत्साहन पुरस्कार' प्रदान गरिएको छ । सो पुरस्कारको राशी २५ हजार २५ रुपैयाँ रहेको छ ।



नेपाल पत्रकार महासंघ मोरङ शाखाले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा आयोजना गरेको पुरस्कार वितरण तथा अग्रज पत्रकार सम्मान कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्की र विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले पुरस्कार हस्तान्तरण गरेका थिए ।

सूचनाको हकको संरक्षण, नीति निर्माणमा योगदान, सुशासन, पारदर्शिता तथा नागरिक जागरणमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई हरेक वर्ष नेपाल पत्रकार महासंघको स्थापना दिवसको अवसरमा यो पुरस्कार प्रदान गरिँदै आएको छ ।

यस वर्ष पनि चैत १६ गते महासंघको ७०औं स्थापना दिवसको अवसरमा कार्यक्रम तय गरिएको थियो । तर, राजावादी आन्दोलनका क्रममा पत्रकार सुरेश रजकको निधन भएपछि कार्यक्रम स्थगित गरिएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कोशी प्रदेशका पूर्वअध्यक्षहरु विक्रम लुइँटेल, लीलाबल्लभ घिमिरे, प्रदेश अध्यक्ष भरत खड्का, केन्द्रीय सदस्य कमल रिमाललगायतले मन्तव्य राखेका थिए । पूर्वअध्यक्ष यज्ञ शर्माले पुरस्कृत पत्रकारहरूको योगदानबारे जानकारी गराएका थिए । त्यस अवसरमा शर्मालाई पनि सम्मान गरिएको थियो ।

यसअघि 'षष्टिका बस्नेत सूचनाको अधिकार पुरस्कार' तारानाथ दाहाल, शिव गाउँले, धर्मेन्द्र झा, गजेन्द्र बुढाथोकी, काशीराज दाहाल र विनय कसजूसहितका विशिष्ट व्यक्तिहरूलाई प्रदान भइसकेको छ । त्यस्तै, प्रोत्साहन पुरस्कार राजु श्रेष्ठ, मोहन काजी न्यौपाने, गणेश लम्साल, देवनारायण साह र हरि अधिकारीले प्राप्त गरिसकेका छन् ।

# नि:शुल्क शिविरमा २ हजार बढीको मुटु र मिर्गौला जाँच



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २० वैशाख

कपिलवस्तुको कृष्णनगर नगरपालिका अन्तर्गत बहादुरगन्जस्थित शिवराज अस्पतालमा सम्पन्न २ दिने नि:शुल्क मुटु तथा मिर्गौला स्वास्थ्य शिविरमा झण्डै २ हजार नागरिकले सेवा लिएका छन् । नगरपालिकाको सहकार्यमा सञ्चालित शिविरमा त्रिवि शिक्षण अस्पताल महाराजगञ्जको मिर्गौला तथा प्रत्यारोपण विभाग, मुटु जोगाउँ अभियान, मनमोहन कार्डियो थोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरको प्राविधिक सहयोग रहेको थियो ।

शिविरमार्फत् मुटु र मिर्गौलासम्बन्धी समस्या भएका बिरामीहरूलाई आवश्यक परीक्षण तथा परामर्श नि:शुल्क प्रदान गरिएको कृष्णनगरका नगरप्रमुख रजत प्रताप शाहले बताए ।

टिचिङ अस्पताल महाराजगञ्जका डिन डा.दिव्या सिंह शाहले तराई क्षेत्रमा नागरिकहरू स्वास्थ्यप्रति गम्भीर नहँदा मुटुका बिरामीको संख्या दिनानुदिन बढ्दै गएको बताइन् । यस्तै, शिविरमा सहभागी डा.अनिल भट्टराईले खानपानमा लापरवाहीका कारण मृगौला र मुटु सम्बन्धी रोगले बढ्दो प्रभाव पारेको बताए । शिविरको पहिलो दिन ८४६ जनाले सेवा लिएका थिए । तीमध्ये १३० जनाको ल्याब परीक्षण, १६५ जनाको ईसीजी, ३५१ जनाको इको तथा १७८ जनाको अन्य परिक्षण गरिएको थियो । दोस्रो दिन १,१५४ जनाले सेवा लिएका थिए भने १९४ जनाको ल्याब, ३३९ जनाको युएसजी, ५५ जनाको एक्सरे, ३७० जनाको ईसीजी र २३३ जनाको इको गरिएको थियो ।

शिवराज अस्पतालका फोकल पर्सन डा.दुर्गेलाल चौधरीका अनुसार शिविरमा स्वास्थ्य परीक्षणसँगै आवश्यक औषधि पनि नि:शुल्क प्रदान गरिएको थियो । यसैसन्दर्भमा, कपिलवस्तुका युवानेता तथा पूर्वसांसद अभिषेक प्रताप शाहले शिविरले यस क्षेत्रका बिरामीलाई भारत वा भैरहवा जानुपर्ने झन्झटबाट छुटकारा दिएको बताउँदै अस्पताल तथा नगरपालिकालाई धन्यवाद दिएका छन् । शिविरले ग्रामीण क्षेत्रमा बढ्दो मुटु तथा मिर्गौला रोगको अवस्था उजागर गर्नुका साथै जनचेतनाको आवश्यकता पनि देखाएको छ ।

**काठ/दाउरा वोलपत्रद्वारा लिलाम बिक्रिको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८२/१/२१**

यस सा.व.उ.स को वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन भई जोरायल गा.पा.३ चनकट्टे घाटगद्दी गरी राखेको सल्ला प्रजाति गोलिया थान ए ग्रेड थान २९ को ४७२.८४ क्युफिट र बि ग्रेड थान १०३ को १०४०.३४ गरि जम्मा थान १३२ को १५१३.१८ क्युफिट सल्लो जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री भगवती सा.व.उ.स, जोरायल गाँउपालिका वडा नं.-४ हाट, डोटी**

# खानेपानी धारा जडान भएपछि डम्रीघारीका स्थानीय खुसी

**घनश्याम बलम्पाकी/मध्यान्ह**
सर्लाही, २० वैशाख

सर्लाहीको हरिवन नगरपालिका-१, डुम्रीघारीमा घरघरमै खानेपानीको धारा आएपछि स्थानीय खुसी भएका छन् ।

वर्षौंदेखि हरिवन खोलामा जरुवाको पानी पिउँदै आएका स्थानीय अहिले भने घरमै खानेपानीको धारा झरेपछि मखख परेका छन् ।



वडा कार्यालयले चालू आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरेको पाँच लाख रुपैयाँ बजेटबाट चुरेफेदीको एकान्त ठाउँमा पर्ने डुम्रीघारीमा खानेपानीको सुविधा पुऱ्याइएको हो । चुरेपाखास्थित पहँेली खोल्सामा रसाएको पानी पाइपमार्फत बस्ती नजिकै १५ हजार लिटर क्षमताको ट्यांकी निर्माण गरेर पानी जम्मा गरिएको छ । ट्यांकीमा संकलन भएको पानी स्थानीयको घरघरका धारामा पठाइएको हो ।

डुम्रीघारीका स्थानीय दिलबहादुर बलम्पाकी वर्षौंदेखि खोलाको पानी पिउँदै आएकोमा अहिले घरमै खानेपानीको धारा झर्दा आधा दु:ख हटेको अनुभूति भएको बताए । 'तल खोलाबाट गाग्रोमा पानी बोकेर यो उकालोमा थरर काम्दै आउनुपर्थ्यो,' बलम्पाकीले भने,'अब त त्यस्ता दु:खको दिन टर्यो ।' डुम्रीघारीका स्थानीयले हरिवन खोलामा कुवा खनेर पिउने पानी, सरसफाई र चौपायलाई खुवाउँदै आएका थिए ।

डुम्रीघारीकी पूर्णिमाया बलम्पाकीले खानेपानीका लागि खोला-खोला भौतारिनुपर्ने बाध्यता टरेकोमा खुसी व्यक्त गरे । उनले भने'खोलामा दर्जनौ ठाउँमा जरुवा पानी खोज्दाखोज्दै आधा दिन जान्थ्यो तर अहिले धारा आएपछि खानेपानीका लागि सु:ख पाएका छौं ।'

डुम्रीघारीमा ९ घरधुरीले खानेपानी उपयोग गरिरहेका छन् । दुई महिना अघिदेखि खानेपानीको सुविधा भएपछि अन्य स्थानीयले पनि धमाधम धारा जडान गर्न थालेका छन् । हरिवन नगरपालिका १ का वडाध्यक्ष टमबहादुर घिसिङले भने, 'वडाले विनियोजन गरेको पाँच लाख रुपियाँ बजेटबाट खानेपानीको ट्यांकी निर्माण गरी अहिले ९ जना स्थानीयको घरको धारासम्म पानी पुऱ्याउन सफल भएका छौं ।'

चुरेभेगको विकट पहाडैपहाड रहेको आफ्नो वडामा अब सिन्धुलीको सीमामा पर्ने बेलडाँडाका ४०/४५ घरधुरीमा खानेपानी सुविधा पुग्न बाँकी रहेको वडाध्यक्ष घिसिङले जानकारी दिए ।


अहिलेसम्म केराबारी, थामी टोल, कोठी खोला, सखुवनी र डुम्रीघारीका चारसय भन्दा बढी घरधुरीमा खानेपानी सुविधा पुऱ्याइसकिएको उनले बताए ।

बिलन्दी र भोक्टेनीमा खानेपानीका लागि काम हुँदै छ । बाँकी रहेको बेलडाँडामा पनि अब दुई वर्षभित्र लिफ्टिङ गरेर पानी पुऱ्याउने योजना बनाएको बताए ।

## त्रिपुरासुन्दरीको प्रतीक चिह्न बनाउनेलाई २५ हजार पुरस्कार

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २० वैशाख

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाले आफ्नै प्रतीक चिह्न (लोगो) प्रयोगमा ल्याउने भएको छ । नगरपालिकाका प्रमुख जनचन्द्र रोकायको अध्यक्षतामा शुक्रबार बसेको कार्यपालिका बैठकको निर्णय अनुसार लोगो निर्माणका लागि सार्वजनिक सूचना जारीगरेको हो ।



सचेत नागरिकमार्फत दिगो पूर्वाधार, स्वच्छ सरसफाई, सुशासनसहित समृद्ध नगर निर्माणको आधार भन्ने मुल नाराका सहित ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, धार्मिक, सामाजिक, आर्थिक लगायतका विशेषता झल्कने लोगो तयार गरी प्रयोगमा ल्याउने सन्दर्भमा यी सबै विशेषता झल्कने सिर्जनात्मक लोगोको डिजाइन तथा लोगोमा रहने सम्पदा अक्षर, अवस्थित रंग लगायतका विषयमा उपयुक्त व्याख्यासहित इच्छुक डिजाइनर व्यक्तिर संस्थाले लोगोलाई पालिकाको इमेलमार्फत पठाउन सकिने र जेठ ३ गतेसम्म कार्यालय पेश गर्नुपर्नेछ ।प्राप्त डिजाइनहरुको मूल्यांकन गरी उत्कृष्ट डिजाइनलाई पालिकाले लोगोको रूपमा प्रयोग गर्ने र उत्कृष्ट डिजाइनलाई पुरस्कार स्वरूप रु.२५ हजार नेपाली रुपैयाँसहित सम्मान गरिने निमित्त प्रमुख प्रशासकीय अधिकृत भीम बहादुर थापाले जानकारी दिए ।

**युएईमा रोजगार**
कम्पनी : SERVICE TIME BUILDING MAINTENANCE LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/१९
चलानी नं.: ६०२३६८३०
LT. No.: 322870

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Messenger | 1 | 0 | | 1000 | ३६,७७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २८ गते (11 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line), www.shikharmanpower.com.np

**Madi Secondary School**
**Madi Municipality-05, Sankhuwasabha**
**Invitation for Sealed Quotation**
**First Date of Publication: 2082/01/21**

1. The Madi Secondary School, Madi, Sankhuwasabha invites Tender from eligible Nepalese bidders for the IFB no:- **MADI/SQ/W/2081/82-01**
2. Eligible Bidders may obtain further information at **Madi Secondary School, Madi, Sankhuwasabha** during office hours or may visit E-procurement section of PPMO's Web portal www.bolpatra.gov.np/egp.
3. Bidders should purchase the bid document electronically through E-procurement section of PPMO's web portal. Bidder should deposit the cost of bidding document **NRs. 1,000.00** (non-refundable) in the School Office account for the purchase of the bids as specified below and electronic scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
4. Bidders should submit their bid electronically through E- procurement section of PPMO's Web portal as specified in the Instruction to Bidders on or before **12:00 hrs** of **2082/02/05.** Late bid will be rejected. Bids shall be opened at **14:00 hrs** on the same day of bid in the presence of the bidders or their representatives who choose to attend.
5. Information to deposit the cost of bidding document in Bank:-
   Name of the Bank:- Himalayan Bank Ltd, Madi Branch
   Name of office:- Shree Madi Secondary School, Madi
   Account no.:- 06007572990012 (for bid document purchase and bid security Amount)
6. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs 47,250.00** issued by "A" class commercial bank or direct deposit in Madi Secondary School's Account number, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. In such a case the validity of bid security shall be considered from already specified last date for bid submission.
8. Madi Secondary School reserves the right to accept or reject, wholly or partly any or all the sealed bids without assigning reason, whatsoever.

**Details of Works**

| S. N. | IFB No. | Name of Project | Location | Detail of Works | Estimated Cost Including PS and VAT |
|---|---|---|---|---|---|
| 1 | **MADI/SQ/ W/2081/82-01** | **Madi Madhyamik Bidhyalaya finishing work of Second Floor.** | Shree Madi Secondary School, Madi Municipality-05, Sankhuwasabha | Finishing work of second floor of RCC school Building | NRs. 18,89,960.35 |

**Head Teacher**

# डा. उपाध्यायलाई आठौं मानार्थ विद्यावारिधि



**काठमाडौं / मस–** विश्व कीर्तिमानी गीतकार तथा उपन्यासकार डा. डीआर उपाध्यायलाई मानार्थ विद्यावारिधि प्रदान गरिएको छ । भारतको नयाँ दिल्लीमा भएको विशेष समारोहमा डा. उपाध्यायलाई किर्गिस्तानको ओस विश्वविद्यालयले विद्यावारिधि प्रदान गरेको हो । डा. उपाध्यालाई साहित्य (डी-लिट)मा उक्त विश्वविद्यालयले मानार्थ विद्यावारिधि प्रदान गरेको हो । समाजशास्त्रमा सन् २००० मा विद्यावारिधि गरेका डा. उपाध्यायलाई यसअघि विभिन्न ७ विश्वविद्यालयले मानार्थ विद्यावारिधि प्रदान गरेका छन् ।

यो उनको आठौं मानार्थ विद्यावारिधि हो । डा. उपाध्यायलाई अमेरिकालगायत अन्य विश्वविद्यालयले यसअघि ७ मानार्थ विद्यावारिधिको प्रमाणपत्र प्रदान गरेका छन् । डा. उपाध्यायले गीत र साहित्यमा पुऱ्याएको योगदानको मूल्यांकन गर्दै उक्त विद्यावारिधिको प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ ।

समारोहमा अन्य विशिष्ट व्यक्तित्वलाई पनि मानार्थ विद्यावारिधिको प्रमाणपत्र प्रदान गरिएको थियो ।

डा. उपाध्यायले गीत, संगीत र विविध विधामा १५३ विश्व कीर्तिमान कायम गरेका छन् । यस्तै, उनका १ दर्जन बढी उपन्यास, ३ गीति पुस्तक र ३६ एल्बम सार्वजनिक भएका छन् । २५० को हाराहारीमा गीत सार्वजनिक गरेका उपाध्यायका सयौं गीतका भिडियो पनि सार्वजनिक छन् । उनको नयाँ उपन्यास 'आशक्ति' प्रकाशनको तयारीमा छ ।

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय**
दुनै, डोल्पा

**काठ दाउराको लिलाम विक्रिको लागि प्रकाशित गररिएको सूचना**

**(दोस्रो पटक सुचना प्रकाशित भएको मितिः २०८२/०१/२१)**

प्रस्तुत विषयमा यस कार्यालयबाट मुद्दामा बरामद भएको जिल्ला डोल्पा त्रिपुरासुन्दरी न.पा. ११ बन्तडी स्थित रहेको तपसिल बमोजिमको परिमाण भएको झुले सल्लाको काठ तथा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढाबढ प्रक्रियाद्वारा विक्री गर्नुपर्ने भएकोले दोस्रो पटकको लागि यो २१ (एक्काईस) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| वन पैदावारको | | | | | | | मूल्याङ्कन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| सि. नं. | लट नं. | जात | किसिम | थान | परिमाण | गोलियामा परिणत परिमाण | न्यूनतम | चिरान संकलन खर्च | |
| 1 | 1 | झुले सल्ला (picea smithiana) | चिरान काठ | 313 | 310.73 | 766.825 घनफिट (प्रतिवेदनको चिरान % बमोजिम) | 1,55,370/- | 76,185/- | मु.अ.कर बाहेक |
| 2 | | | चिरान काठ | 45 | 117.45 | 164.43 घनफिट (नियमावलीको चिरान % बमोजिम) | 32,890/- | 6,580/- | |
| 3 | | | चिरेको दाउरा | | 1.25 चट्टा | 1.25 चट्टा | 5,000/- | 18,125/- | दाउराको मूल्यमा मु.अ.कर नलाग्ने |
| जम्मा | | | | | | | 1,93,260/- | 1,00,890/- | |

नोटः- विस्तृत सूचनाको लागि डिभिजन वन कार्यालयको वेवसाईट www.dfodolpa.karnali.gov.np मोबाईल नं. ९८५८३६६१८२, ९८४५७००८५६ मा सम्पर्क गर्न हुन अनुरोध छ ।

**साउदीमा रोजगार**
कम्पनी : ARABIAN MACHINERY & HEAVY EQUIPMENT CO. शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/११/१९ चलानी नं.: ६०२३६८२६ L.T. No.: 322865

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ५०,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | HEAVY TRUCK DRIVER | 3 | 0 | | 1800 | ६४,८१८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २८ गते (11 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SUN HILLS
सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.
Gov.Lic. No. 818/066/067
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोनः ०१–५९०४०५८
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com
Mobile: 9813737367 / 9851343472 / 9851343372

# जारका लागि अरू फिल्ममा भन्दा १० गुणा बढी मिहिनेत गरें : अभिनेता शाही



**दार्जिलिङ / मस–** प्रदर्शनको तयारीमा रहेको फिल्म 'जार'का प्रमुख अभिनेता अनुपविक्रम शाहीले यो फिल्मको हिस्सा बन्न पाउनु आफ्नो करियरको ठूलो उपलब्धि रहेको बताएका छन् ।

फिल्मको प्रचारप्रसारको क्रममा भारतको दार्जिलिङ पुगेका शाहीले स्थानीय पत्रकारहरूसँग कुरा गर्दै इन्द्रबहादुर राईद्वारा लिखित नेपाली समाजको ऐतिहासिक कृतिमाथिको फिल्ममा अभिनय गर्न पाउनु नै आफ्ना लागि गर्वको कुरा रहेको बताए ।

'यो फिल्म मेरा लागि थप विशेष छ । मैले विगतमा गर्दै आएको पात्रबाट बाहिर निस्केर यो पटक बिलकुलै फरक पात्रलाई बोकेको छु', उनले भने, 'जारको हर्षजित पात्रमा तयार हुन मैले अन्य फिल्ममा भन्दा १० गुणा बढी मिहिनेत गरेको छु ।'

सिक्किम र दार्जिलिङका स्थानीय दर्शकसँग नजिकबाट साक्षात्कार गर्न पाउँदा खुसी लागेको बताउँदै उनले गोर्खाली पुर्खाको वास्तविक विगतलाई नजिकबाट थाहा पाउन 'जार' उपयुक्त विकल्प रहेको बताए ।

निर्देशक फुर्वा छिरिङ लामाले 'जार'ले सयौं वर्ष पुरानो गोर्खाली समाजको कथा बोलेको भन्दै गोर्खाली नयाँ पुस्तालाई नै आफ्नो फिल्म समर्पित गरिएकाले हेरेर साथ दिन आग्रह गरे । 'यो फिल्म हामीले गोर्खालीकै लागि तयार गरेका हौं । आईबी राईज्यूको कथालाई जस्ताको तस्तै पर्दामा उतार्ने कोसिस गरेका छौं', उनले भने ।

कार्यकारी निर्माता ज्योति क्षेत्रीले एउटा उत्कृष्ट फिल्म तयार गर्न लगानीमा कुनै सम्झौता नगरिएको बताइन् । सिक्किम प्रिमियरमा प्राप्त दर्शक समीक्षाले उत्साहित बनाएको बताउँदै निर्माता क्षेत्रीले यही ९ मे अर्थात् २६ वैशाखदेखि फिल्म प्रदर्शनमा आउँदा सिक्किम, दार्जिलिङ र नेपाल सबै ठाउँका दर्शकबाट साथ र माया पाउने विश्वास व्यक्त गरिन् ।

यो फिल्ममा अनुपविक्रमसँगै सौगात मल्ल र भारतीय राष्ट्रिय चलचित्र पुरस्कार विजेता अभिनेत्री गीताञ्जली थापाको प्रमुख अभिनय छ ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
जनकपुर शाखा, जनकपुर उपमहानगरपालिका
सम्पर्क फोनः +९७७-०४१-५९०५७०/७१

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री नारायण साहको नाती, राम दूलार साहको छोरा, मधेश प्रदेश, धनुषा जिल्ला, विन्धी गा.वि.स वडा नं. २, मा स्थायी ठेगाना भई हाल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. २३, बेला, मा बस्ने बर्ष बस्ने ८० वर्षको श्री राजेश्वर प्रसाद नेपालीको मिति २०८०/०५/११ (ई.सं. २८/०८/२०२३) मा मृत्यु भएकोले स्व. राजेश्वर प्रसाद नेपालीको छोरा मधेश प्रदेश, धनुषा जिल्ला, विन्धी गा.वि.स. वडा नं. १ बस्ने श्री राघवेन्द्र प्रसाद साहले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको जनकपुर शाखा, जनकपुर उपमहानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

**युएईमा रोजगार**
कम्पनीः Brothers Gas Bottling & Distribution Co. Owned by Owner-Omer Majed Alghurair-One Person Co. LLC. शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/२० चलानी नं.: ६०२३६८२५ L.T. No.: 322982

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver (local license) | 10 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 10 | 0 | | 1100 | ४०,४४७ | | | | | | | |
| 3. | LIGHT DRIVER/DRIVER | 10 | 0 | | 1500 | ५५,१५५ | | | | | | | |
| 4. | Mechanic Helper | 5 | 0 | | 1400 | ५१,४७८ | | | | | | | |
| 5. | Technician Labour (General Labour) | 10 | 0 | | 1200 | ४४,१२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २८ गते (11 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Bishojyoti Hr Solution Pvt. Ltd.
श्रम इजाजत नं. १३१५/०७४/०७५
Chakrapath -3, Kathmandu Nepal.| Tel: 01-4016667| Email:-info@bhrsolution@gmail.com

**उर्लाबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
उर्लाबारी, मोरङ

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना सम्बन्धमा**

**(सूचना प्रकाशित मितिः २०८२/०१/२१)**

उर्लाबारी नगर कार्यपालिकाको कार्यालय मोरङबाट मिति २०८२/०१/११ गते तेश्रो पटक प्रकाशित आ.व. २०८१/०८२ को लागि आन्तरिक आय तर्फ उर्लाबारी नगरपालिका वडा नं १ सोल्टी खोला कान्छी चोक पश्चिम पानी टंकी उत्तर, यस नगरपालिकाबाट वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम उत्खनन गरी घाटगद्दी गरिएको नदीजन्य सामग्री (मिक्स गिट्टी) बिक्री गर्ने सम्बन्धी कार्य, रा./०२/०८१/०८२ अनुसार **e-bid** मार्फत पेश हुन आएको जम्मा १ (एक) वटा बोलपत्रलाई बोलपत्रको मूल्याङ्कन एवं परिक्षण गर्दा मिक्लाजुङ गाउँपालिका-३, मोरङ स्थित **SKPD Construction and Suppliers Pvt. Ltd** ले पेश गरेको देहाय बमोजिमको बोलपत्र सारभूत रुपमा प्रभावग्राही र नगरपालिकाबाट प्रकाशित सूचनामा उल्लेख गरिएको न्यूनतम बोलपत्र रकम भन्दा उच्च मूल्याङ्कित रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम यो जानकारी गराईएको छ ।

तपशिल

| क्र.सं. | बन्दोवस्त गर्नुपर्ने ठेक्का | बोलपत्रदाताको नाम ठेगाना | वोलकवोल अंक रु. (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | उर्लाबारी नगरपालिका वडा नं १ सोल्टी खोला कान्छी चोक पश्चिम पानी टंकी उत्तर,यस नगरपालिकाबाट वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम उत्खनन गरी घाटगद्दी गरिएको नदीजन्य सामाग्री (मिक्स गिट्टी) बिक्री गर्ने सम्बन्धी कार्य | **SKPD Construction and Suppliers Pvt. Ltd** मिक्लाजुङ गाउँपालिका- ३, मोरङ | ३४,८६,०५०/- (अक्षेरपी रु चौतिस लाख छयासी हजार पचास मात्र । ) | |

# पाण्डेले जिते 'भ्वाइस अफ नेपाल'को छैटौं सिजनको उपाधि




**काठमाडौं / मस–** 'भ्वाइस अफ नेपाल'को छैटौं सिजनको उपाधि प्रोसेस पाण्डेले उचालेका छन् । शुक्रबार राति आयोजित ग्रान्ड फिनालेमा टिम खेम सेन्चुरीको समूहका प्रतिस्पर्धी पाण्डे विजेता घोषित भएका हुन् ।

विजेता भएसँगै पाण्डेले भ्वाइसबाट २० लाख नगद प्राप्त गरे भने अन्य २ प्रायोजकबाट १/१ लाख रुपैयाँ प्राप्त गरे । कोच मेलिना राईको समूहबाट खोटाङका रोशन राई फर्स्ट रनरअप घोषित भए । कोच राजु लामाको समूहका इलामका प्रमेश राई सेकेन्ड रनरअप घोषित भए ।

कोच उदय सोताङको समूहबाट प्रतिस्पर्धा गरेकी सिक्किमकी अर्पणा आचार्य थर्ड रनरअप घोषित भइन् ।

# टिकटकको 'फ्यामिली पेयरिङ' सेवा सुरु

**काठमाडौं / मस–**सामाजिक सञ्जाल एप टिकटकले नेपालमा किशोर-किशोरीको सुरक्षाका लागि 'फ्यामिली पेयरिङ' सेवा सुरु गरेको छ । यो सेवामार्फत् अभिभावकले आफ्ना छोराछोरीको टिकटक खाता आफ्नो खातासँग जोडेर उनीहरूको डिजिटल गतिविधिमा नियन्त्रण राख्न सक्ने छन् ।

टिकटकका अनुसार सेवाको उद्देश्य जिम्मेवार र सुरक्षित अनलाइन बनाउनु हो । 'फ्यामिली पेयरिङ' सुविधामार्फत अभिभावकहरूले आफ्ना बालबालिकाको दैनिक 'स्क्रिन' समय सीमित गर्न, सन्देश पठाउन वा 'कमेन्ट' गर्न नपाउने बनाउन, उमेरअनुसारको मात्रै विषयवस्तु देखिने बनाउन, खाता खोज्न मिल्ने/नमिल्ने बनाउने तथा सर्च सेटिङ नियन्त्रण गर्न सक्ने सुविधा प्राप्त हुने कम्पनीले जानकारी दिएको छ ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
मित्रपार्क शाखा, काठमाडौं महानगरपालिका, मित्रपार्क
सम्पर्क फोनः +९७७-०१-४५६१६००

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री सत्यमान भण्डारीको नाति, शिवमान भण्डारीको छोरा, वागमती प्रदेश काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ गौरीघाट बस्ने वर्ष ५४ को श्री शाम्भो सदा शिव भण्डारीको मिति २०८१/११/१६ (ई.सं. २८/०२/२०२५) मा मृत्यु भएकोले स्व. शाम्भो सदा शिव भण्डारीकी पत्नी हाल गौरीघाट - ०७ बस्ने श्रीमती इन्दिरा भण्डारीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मित्रपार्क शाखा, काठमाडौंमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

**साना किसान कृषि सहकारी संस्था लि. विष्णुपुर प्र.म को**

**कालोसूचीमा राखिने बारे ३५ दिने सूचना**

**प्रथम पटक प्रकाशन मिति : २०८२/०१/२१**

यस संस्थाबाट तपसिल बमोजिमका ऋणी सदस्यहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउन सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको ३५ दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरि तगेदा गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको सावाँ, ब्याज तथा संस्थाले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित संस्थामा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४ को दफा ७९ बमोजिम धितो लिलामीको कारबाही अगाडी बढाउनुका साथै साना किसान कृषि सहकारी संस्था लि. विष्णुपुरको कर्जा असुली आन्तरिक कार्यविधि २०८१ ऋणी र संस्थाबाट कर्जा लिन धितो मंजुरिनामा व्यक्तिगत जमानत दिनेहरु समेतलाई कालो सुचिमा नाम समावेश गरि अन्य आवश्यक कारवाही अगाडी बढाउने समेत यसै सूचनाद्वारा जानकारी गराएको छ ।

तपशील

| क. स | ऋणीको नाम | बाबु/पतिको नाम | बाजे /सासुराको नाम | उद्धेश्य | ठेगाना | समूह न. | सावा | ब्याज | जम्मा | मंजुरीनामा दिनेको नाम | ठेगाना | बाबु/पतिको नाम | बाजे /ससुराको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | दर्पी पासमान | मनोरथिया पासमान | गेनाई पासमान | बेचबिखन | गौरिपुर | ०१/००७ | २९९७९१ | २६४३७०.४८ | ५६४१६१.४८ | | | | |
| २. | बुधनीदेवी पासमान | सोभित पासमान | मनोरथिया पासमान | बेचबिखन | गौरिपुर | ०१/१६० | २९९९५० | ३४५२२०.३६ | ६४५१७०.३६ | | | | |
| ३. | प्रेमसागर सिंह | सिताराम महतो | सर्युग महतो | गेहुखेती | गौरिपुर | ०१/१२१ | ७९९७३५ | २९६०३४.५१ | १०९५७६९.५१ | | | | |
| ४. | लक्ष्मी महतो | गणेशी महतो | फौदार महतो | तरकारी खेती | विष्णुपुर चौक | ०२/०१३ | ९४२३६४ | ११६०४९३.४८ | २१०२८५७.४८ | | | | |
| ५. | एकलास देवी | दैलेन्द्र प्र. सिंह | राम नारायण महतो | बेचबिखन | गौरिपुर | ०२/०९० | ३९९६४३ | ४१६०७२.६ | ८१५७१५.६ | | | | |
| ६. | दैलेन्द्र प्र. सिंह | राम नारायण महतो | फौदार महतो | बेचबिखन | गौरिपुर | ०२/००६ | ३९९९६४ | ४१७४२३.६४ | ८१७३८७.६४ | एकलास देवी | विष्णुपुर प्र.म २ | दैलेन्द्र प्रसाद सिंह | रामनारायण महतो |
| ७. | शिला कुमारी महतो | प्रेमसागर महतो | सिताराम महतो | धान/तरकारी खेती | गौरिपुर | ०२/०६८ | ७९९७४० | २०४०८३.७९ | १००३८२३.७९ | | | | |
| ८. | सियाराम महतो | मखन महतो | अवधी महतो | उपभोक्ता | गौरिपुर | ०२/०८३ | ७९९९३९ | २०२६५९.९६ | १००२५९८.९६ | | | | |
| ९. | सुमिन्त्रा महतो | सियाराम महतो | मखन महतो | तरकारी खेती | गौरिपुर | ०२/०६८ | ७९९,८८८ | २१८९९४.८३ | १०१८८८२.८३ | | | | |
| १०. | पलास यादव | खुशिया यादव | सुबन्च यादव | गेहुखेती | गौरिपुर | ०३/१२२ | ४९९९९९ | ३९६७९२.९७ | ८९६७९१.९७ | | | | |
| ११. | श्रीदेव मण्डल | कमल मण्डल | अमृत मण्डल | उपभोक्ता | कालावन्जर | ०४/००१ | ७९९९५१ | ३१५४३४.३६ | १११५३८५.३६ | | | | |
| १२. | शिला कुमारी महतो | रामसेवक महतो | दामोदर महतो | तील खेती | खोरिया टोल | ०५/१६९ | ३९९,६६६ | २०३७८८.५ | ६०३४५४.५ | | | | |
| १३. | राजकुमार यादव | बिन्दी लाल यादव | सर्युग यादव | उपभोक्ता | खोरिया टोल | ०५/०८८ | ३१०००० | २६५७९०.८३ | ५७५७९०.८३ | सनेचरी देवी यादव | विष्णुपुर प्र.म ५ | बिन्दिलाल यादव | सर्जुग यादव |
| १४. | शोशिला देवी यादव | रामसोगारथ यादव | राजेन्द्र यादव | उखु खेती | खोरिया टोल | ०५/१४० | ७९९९०४ | ५१३०८९.११ | १३१२९९३.११ | रामसोगारथ यादव | विष्णुपुर प्र.म ५ | राजेन्द्र यादव | कुन्जी यादव |
| १५. | रेणु देवी यादव | रामउदगार यादव | बिन्दी लाल यादव | उपभोक्ता | खोरिया टोल | ०५/१४० | २९९७३४ | ३५७३४४.५२ | ६५७०७८.५२ | सनेचरी देवी यादव | विष्णुपुर प्र.म ५ | बिन्दिलाल यादव | सर्जुग यादव |
| १६. | दुखी यादव | जुगेश्वर यादव | गुदर यादव | उपभोक्ता/भौसी | खोरिया टोल | ०५/००३ | ४८९९४८ | २२८१७९.०२ | ७१८१२७.०२ | | | | |
| १७. | रामस्वारथ यादव | राजेन्द्र यादव | चेथरु यादव | उखु खेती | खोरिया टोल | ०५/०६५ | ७९९८९० | २७५०८०.१२ | १०७४९७०.१२ | | | | |
| १८. | रामप्यारी यादव | रामबृक्ष यादव | ध्यानी यादव | धान खेती | खोरिया टोल | ०५/१८४ | ४४९९७० | ३६६९१५.६१ | ८१६८८५.६१ | | | | |
| १९. | सज्जनवती | सुदिलाल यादव | जुगेश्वर यादव | गेहुखेती | विष्णुपुर | ०५/०९७ | ८००००० | ६०६१९१.७८ | १४०६१९१.७८ | | | | |
| २० | रेखा कुमारी यादव | दिपेन्द्र कुमार यादव | जगलाल यादव | बैदेशिक रोजगार/उपभोक्ता | विष्णुपुर | ०६/१७७ | १०९९९९९ | ५२८८३२.३७ | १६२८८३१.३७ | दिपेन्द्र कुमार यादव | विष्णुपुर प्र.म ६ | जगलाल यादव | प्रमेश्वर यादव |
| २१. | उमेश कुमार यादव | मोतीराम यादव | रामप्रसाद यादव | उपभोक्ता /भौसी पालन | विष्णुपुर | ०६/१०६ | ७९९,९४८ | ४००५९७.२६ | १२००५४५.२६ | | | | |
| २२. | जीवछी कुमारी यादव | उमेश कुमार यादव | मोतीराम यादव | तरकारी खेती | विष्णुपुर | ०६/१६६ | ७९९,७०५ | ३४५३५८.२७ | ११४५०६३.२७ | | | | |
| २३. | मकुन कुमारी महतो | शिवनारायण महतो | बुधन महतो | तरकारी खेती | विष्णुपुर | ०६/१३१ | ५२४९८५ | २१२६८०.८२ | ७३७६६५.८२ | | | | |
| २४. | जगलाल यादव | प्रमेश्वर यादव | अबध यादव | उपभोक्ता/भौसी पालन | विष्णुपुर | ०६/०८० | ३९९३५५ | २५०७०२.२ | ६५००५७.२ | जितेन्द्र कुमार यादव | विष्णुपुर प्र.म ६ | जगलाल यादव | प्रमेश्वर यादव |
| २५. | श्रीवती यादव | रामचन्द्र यादव | मातवर यादव | उपभोक्ता/भौसी पालन | विष्णुपुर | ०६/१३३ | १,२९९,५८४ | ४३७९६९.५९ | १७३७५५३.५९ | | | | |
| २६ | सिंहेश्वर सदा | बृहस्पती सदा | शिवा सदा | धान खेती | हरिनगरा | ०९/०५२ | २५४२४५ | १४५०८२.४९ | ३९९३२७.४९ | | | | |
| २७. | रामवती सदा | सिंहेश्वर सदा | बृहस्पती सदा | बेचबिखन | हरिनगरा | ०९/११९ | २८४३९१ | १३५६७५.०४ | ४२००६६.०४ | | | | |

# पालिकास्तरीय भलिबल प्रतियोगिताको उपाधि शीतगंगालाई

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २० वैशाख

अर्घाखाँचीमा भएको पालिकास्तरीय प्रथम स्वर्गीय प्रकाश स्मृती कप भलिबल प्रतियोगिताको उपाधि शीतगंगा नगरपालिकाले जितेको छ । सन्धिखर्कमा सम्पन्न भएको फाइनल खेलमा पाणिनी गाउँपालिकालाई हराउँदै शीतगंगा नगरपालिकाले उपाधि जितेको हो ।

यस्तै सन्धिखर्क नगरपालिका र छत्रदेब गाउँपालिबिच भएको खेलमा सन्धिखर्कलाई हराउँदै छत्रदेव गाउँपालिका तेस्रो बनेको छ । प्रतियोगिताको विजेतालाई एमालेका




जिल्ला अध्यक्ष पिताम्बर भुसालले नगद ५० हजार, उपविजेतालाई ३० हजार, तेस्रो स्थानप्राप्त गरेको टिमलाई २० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरे । भलिबल प्रतियोगिता १८ वैशाखदेखि सुरु भएको थियो । प्रतियोगितामा जिल्लाका ६ वटै स्थानीय तहको सहभागिता रहेको थियो ।

समापन कार्यक्रममा जिल्ला समन्वय प्रमुख जीवनारायण कोइराला, शीतगंगा नगरपालिका प्रमुख छविलाल पौडेल, पाणिनी गाउँपालिका अध्यक्ष टेकराज न्यौपाने, मालारानीका गाउँपालिका अध्यक्ष दल बहादुर भटराई, प्रहरी प्रमुख चक्र बहादुर मल्ल लगायतको सहभागिता थियो । प्रतियोगिता मञ्जरी युवा क्लब र खेलकुद महासंको सयुक्त आयोजनामा भएको थियो ।

# नेपाली क्रिकेट टोलीले बेलायतमा ४ क्लबसँग खेल्ने



**काठमाडौं/मस**-आईसीसी क्रिकेट विश्वकप लिग-२ को तेस्रो चरणको तयारीस्वरूप नेपाली राष्ट्रिय क्रिकेट टिमले बेलायतमा विभिन्न क्लबहरूसँग खेल्ने भएको छ । आईसीसी क्रिकेट विश्वकप लिग-२ आगामी जुन महिनामा स्कटल्यान्डमा हुँदैछ ।

१४ देखि २६ मईसम्म बेलायत भ्रमणमा रहने नेपाली टोलीले खेल्ने खेलहरूको तालिका सार्वजनिक भएको हो । यस भ्रमणको क्रममा नेपाली टोलीले विभिन्न स्थानीय क्रिकेट क्लबहरूसँग अभ्यास म्याच खेल्नेछ र उच्चस्तरीय ट्रेनिङ क्याम्पमा सहभागिता जनाउनेछ ।

भ्रमण अवधिमा नेपाली टिमले बेलायतको प्रतिष्ठित क्लबहरूसँग प्रतिस्पर्धात्मक अभ्यास खेलहरू खेल्ने नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ ।

नेपाली टोलीले १६ मईमा कार्डिफ युनाइटेडसँग एकदिवसीय खेल्ने छ । १९ मईमा मेरिलबोन क्रिकेट क्लब (एमसीसी) पनि एकदिवसीय खेल्ने तालिका छ ।

यसैगरी नेपाली टोलीले २२ मईमा ग्लोसेस्टरशायरसँग २ वटा टी-२० खेल्ने छ भने ग्लामोर्गनसँग २६ मईमा एकदिवसीय खेल्ने छ ।

ग्लामोर्गनसँगको खेलपछि नेपाली टिम २९ र ३१ मईमा स्कटल्यान्ड 'ए' टोलीविरुद्ध २ एकदिवसीय खेलहरू खेल्नेछ ।

यो तयारीपश्चात नेपाली टिमले जुन महिनामा स्कटल्यान्डमा हुने आइसिसी क्रिकेट विश्वकप लिग-२ त्रिकोणात्मक सिरिजमा स्कटल्यान्ड र नेदरल्याण्ड्ससँग प्रतिस्पर्धा गर्नेछ ।

# वैभवलाई हेडेनको यस्तो सुझाव

**काठमाडौं/मस**-अष्ट्रेलिया क्रिकेट टोलीका पूर्वओपनर म्याथ्यू हेडेनले आइपीएल २०२५ मा सबैभन्दा छिटो शतक प्रहार गर्ने राजस्थान रोयल्सका १४ वर्षीय खेलाडी वैभव सूर्यवंशीको प्रशंसा गरेका छन् । उनले भने, 'युवाहरूको कारणले राजस्थान रोयल्सले जित्यो । यो केवल क्रिकेटको बारेमा होइन । यो ती बालबालिकाहरूको सपनाको बारेमा हो, जो खेलकुदमार्फत् केही बन्न चाहन्छन्, चाहे त्यो क्रिकेट होस् वा अन्य कुनै खेल ।'

उनले खेलको सुन्दरता भनेको त्यहाँका अवसरहरू रहेको बताए । उनले भने, 'यी युवालाई उसको क्रिकेट साथीहरूमाझ पक्कै पनि प्रशंसा गरिनेछ । मलाई आशा छ कि उसले खेलको आनन्द लिइरहेको छ । बाँकी कुराहरू ठीक ठाउँमा हुनेछन् ।' हेडनले खेललाई माया गरिरहन वैभव सूर्यवंशीलाई सुझाव



दिएका छन् । उनले भने, 'उनलाई मेरो सल्लाह भनेको खेललाई माया गरिरहनु हो । खेलकुद व्यक्तित्व विकास गर्ने एउटा तरिका हो । यो एउटा कठिन खेल हो । शतक बनाएपछि उनी अर्को इनिङमा शून्यमा आउट भए । यो खेलको सत्य हो, सधैं आफूलाई सुधार गर्ने प्रयास गरिरहनुहोस् र सबैभन्दा महत्त्वपूर्ण कुरा खेलले तपाईंलाई चुनौती दिन्छ । यसमा रहनु सबैभन्दा महत्त्वपूर्ण कुरा हो ।' गुजरात टाइटन्स र राजस्थान रोयल्स बीचको खेलमा राजस्थानका १४ वर्षीय वैभव सूर्यवंशीले ३५ बलमा शतक प्रहार गरेका थिए ।

# दोस्रो एसियन योगासना स्पोर्ट्समा नेपाललाई ३९ पदक

**काठमाडौं/मस**-भारतको नयाँदिल्लीस्थित इन्दिरा गान्धी रंगशालामा सम्पन्न ३ दिने दोस्रो एसियन योगासना स्पोर्ट च्याम्पियनसिपमा नेपालले २७ रजत र १२ कांस्य पदक हासिल गर्न सफल भएको छ । २१ देशको सहभागिता रहेको यस च्याम्पियनसिपमा कुल ८७ पदकसहित भारत पहिलो स्थानमा आएको छ । २५ अप्रिलमा सुरु भई २७ अप्रिलसम्म प्रतियोगिता खभएको थियो । नेपालको तर्फबाट २४ खेलाडीले भाग लिएको प्रतियोगितामा विभिन्न योगासनको १२ विधिमा उत्कृष्ट खेल प्रदर्शन गरेका थिए ।

नेपाल योग खेलकुद संघका अध्यक्ष डा.सूर्यबहादुर कार्की, महासचिव चूडामणि खरेल तथा कोच डा.आनन्द गैरेको नेतृत्वमा गएको नेपाली खेलाडीको टोलीमा विभिन्न उमेरसमूहका १० देखि ४५ वर्ष उमेरसमूहको खेलाडीले भाग लिएका थिए । जसमा कृतिका केसी, बुद्ध गुरुङ, चाँदनी परियारलगायतका खेलाडीले रजत तथा कांस्य पदक हात पारेका थिए । प्रतियोगितामा नेपाली टोलीको व्यवस्थापन परशुराम आचार्य र चन्द्र सापकोटाले गरेका थिए । त्यसैगरी, नेपालबाट डा. संग्राम पुरी, केदारनाथ बस्ताकोटी र पुष्करराज पन्तले अन्तर्राष्ट्रिय निर्णायकका रूपमा प्रतियोगितामा सहभागिता जनाएका थिए ।

च्याम्पियनसिपमा नेपालसहित भारत, जापान, मंगोलिया, ओमन, उज्बेकिस्तान, श्रीलंका, थाइल्यान्ड, काजकीस्तान, भुटान, हङकङ, बहराइन, मलेसिया, यूएई, बंगलादेश, इरान, दक्षिण कोरिया, चीन, सिंगापुर, भियतनाम र ताइवानको सहभागिता थियो ।

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०१/१९ गते**

श्री सालधारी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको साल जातको गोलिया काठ ए ग्रेड १९ थान ३२२.२९ क्यु फि, बी ग्रेड १७ थान १९०.५१ क्यु फि, सी ग्रेड २१ थान ९९.०३ क्यु फि र डि ग्रेड १३ थान ४६.६७ क्यु फि गरि जम्मा ७० थान ६५८.५ क्यु फि, असना गोलिया काठ बी ग्रेड ६ थान ९३.८५ क्यु फि, सी ग्रेड १ थान २३.३१ क्यु फि गरि जम्मा ७ थान ११७.१६ क्यु फि, कर्मा गोलिया काठ बी ग्रेड ३ थान ३५.०२ क्यु फि, सी ग्रेड ५ थान १८.९५ क्यु फि गरि जम्मा ८ थान ५३.९७ क्यु फि र जम्मा ए ग्रेट प्रजातीको काठ १९ थान ३२२.२९ क्यु फि, जम्मा बी ग्रेट प्रजातीको काठ २६ थान ११९.३६ क्यु फि, जम्मा सी ग्रेट प्रजातीको काठ २७ थान १४१.२६ क्यु फि, जम्मा डी ग्रेट प्रजातीको काठ १३ थान ४६.६७ क्यु फि गरि जम्मा ८५ थान ८२९.६३ क्यु फि र साल जातको १ चट्टा साल सहित अन्य प्रजाती मिश्रित दाउरा ०.७५ चट्टा गरि जम्मा १.७५ चट्टा काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सालधारी सामुदायिक वन उपभोक्ता समूह, बराहताल गा.पा ७, सुर्खेत**

# Mandandeupur Municipality
# Office of Municipal Executive

**Mahadevsthan, Kavre**
**Bagmati Province, Nepal**

## Invitation for Sealed Quotation

**(Date of Publication: 04th May, 2025)**

1. The Mandandeupur Municipality invites sealed quotations from registered contractors for the following work.

| S.N. | Contract Identification No. | Bid Security Amount. NRS | Cost of Bid Document Nrs. | Estimated Amount (Without VAT) | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | 39/Goods/SQ/MDM/081/82<br>Sanitary Pad Kharid | 30,200.00 | 1,000.0 | NRs. 10,66,403.00 | 45 days |

2. Eligible bidders may obtain further information and inspect the Quotation document at the office of Mandandeupur Municipality, Mahadevsthan, Kavre, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Quotation document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp.
Interested Bidders should register in the e-GP system and deposit the cost of Quotation document in the following specified bank.
**Name of the bank: Global IME Bank, Kunta**
**Name of the office: Mandandeupur Municipality, Mahadevsthan Kavre.**
**Project Rajaswa Account No.: 22004010000010 (For the cost of Quotation Documents)**
**Office Deposit Account no.: 22004010000008 (For the cash deposit of Security Amount)**
4. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on before 19th May 2025, 12:00. Bidders are required to follow the electronic Quotation submission procedure as specified in e-GP System Operating Guideline 2074 and User manuals issued by PPMO which are available in e-GP system. Online Quotations shall be opened in the presence of Bidders representatives who choose to attend on 1 hours after Quotation submission deadline at the office of Mandandeupur Municipality,Mahadevsthan, Kavre , Nepal. Online Quotations must be valid for a period of 45 days counting from the day of Quotation opening and must be accompanied by Quotation security amount (mentioned above), which shall be valid for minimum 30 days beyond the Quotation validity period.
5. The employer reserves the right to accept or reject, wholly or partly any or all the Quotations without assigning reason, whatsoever.
6. Other related rules and regulations are as per Public Procurement Act – 2063 and Public Procurement Regulation – 2064.

**Chief Administrative Officer**

## युएईमा रोजगार

कम्पनी: DUSSMANN GULF- SOLE PROPRITORSHIP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२० चलानी नं.: ६०२३६८२९ LT. No.: 322804

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 50 | 0 | स. काममा दक्ष | 818 | ३०,०७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २८ गते (11 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SAMRAT HUMAN RESOURCES PVT. LTD. License No: 1729/081/082
Dhumbarahi, Kathmandu- 4, Nepal, Ph No: 01- 4548013, 4548014 Mobile: 9823073198/9862340180/ 9851044152/9851225179, Mail: info.samrathr@gmail.com, Web: www.samrathr.com

## युएईमा रोजगार

कम्पनी: FALCON CHEMICALS शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/१२ चलानी नं.: ६०२३६६८५ LT. No.: 322516

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker/Factory Worker | 13 | 0 | | 800 | २९,३७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २८ गते (11 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ORCHID OVERSEAS PVT. LTD. Gov. Lic. No. 889/067/68
Gaushala-9, Battisputali, Kathmandu, Tel.: 01-5913651, 5913652,Mobile: 9801362557, 9801055523, Pokhara Contact No: 061-590012, 9802853454,
Jhapa Contact No: 023-541316, 9801458705, Kapilbastu Contact No: 9812308382, 9801070419
Email: orchidhrinfo.np@gmail.com | Web: www.orchidoverseasnepal.com

## नबिल बैंक लिमिटेड, चरीकोट शाखा, दोलखाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति: २०८२/०१/२१)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०२/१४ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखिशर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **चरीकोट शाखा, दोलखा** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ । यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

### तपसिल

#### ऋणीको नाम र ठेगानाको विवरण

साझेदारी फर्म ऐन २०२० बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा, मिति २०७७/०३/२१ मा सा.फ.र.नं २९१/०७६/०७७ अन्तर्गत दर्ता भएको **मथानी कृषी तथा पशुपन्छी फर्म ।**
ठेगाना : दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. ५ ।

**साझेदारी ऋणी फर्मका प्रोप्राइटर:**

१. सेर बहादुर राउतकी छोरी भोज प्रसाद सुवेदीको बुहारी, अच्यूत सुवेदीकी श्रीमती, दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. ९ स्थायी घर भई हाल दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. ५ बस्ने ना.प्र.नं. ३८५३१ (जारी मितिः २०६१/११/१९, स्थान दोलखा) भएकी **कौशिला सुवेदी** ।
२. रघुनाथ सुवेदीको नाती, टिकाराम सुवेदीको छोरा, दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. ९ स्थायी घर भई हाल दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. ५ बस्ने ना.प्र.नं. २२३६४८७/२३९ (जारी मितिः २०६१/०५/०६, स्थान दोलखा) भएको **रामहरी सुवेदी** ।

#### व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. राम सुवेदीको नाती, रघुनाथ सुवेदीको छोरा, दोलखा जिल्ला माटी गा.वि.स. वडा नं. ५ बस्ने ना.प्र.नं. २०६९ (जारी मितिः २०३७/०३/१७, स्थान दोलखा) भएको **टिकाराम सुवेदी** ।
२. नन्द लाल सुवेदीको नाती, प्रेम प्रसाद सुवेदीको छोरा, दोलखा जिल्ला माटी गा.वि.स वडा नं. ५ स्थायी घर भई हाल दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. ५ बस्ने ना.प्र.नं. २८०४ (जारी मितिः २०३९/०२/२४, स्थान दोलखा) भएको **भोज प्रसाद सुवेदी ।**
३. योग राज पोखरेलकी छोरी, टिकाराम सुवेदीकी बुहारी, रामहरी सुवेदीकी श्रीमती, दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. ९ स्थायी घर भई हाल दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. ५ बस्ने ना.प्र.नं. २२-०१-७०-०१७३७ (जारी मितिः २०७०-०४-२०, स्थान दोलखा) भएकी **एलीसा पोखरेल सुवेदी ।**
४. प्रेम प्रसाद सुवेदीको नाती, भोज प्रसाद सुवेदीको छोरा, दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. ९ बस्ने ना.प्र.नं. २२२४०९०/९६२ ( जारी मितिः २०५९/०१/०५, स्थान दोलखा) भएको **अच्यूत सुवेदी** ।

#### धितोमा रहेको घर/जग्गाको विवरण

दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. ९ स्थायी घर भई हाल दोलखा जिल्ला भीमेश्वर न.पा. वडा नं. ५ बस्ने, **एलीसा पोखरेल सुवेदी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दोलखा जिल्ला, चरीकोट गा.वि.स. वडा नं. २ नक्सा सिट नं १५८/१२४६ मा अवस्थित कि.नं. ४२४७ क्षेत्रफल १२५७ वर्ग मिटर घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **चरीकोट शाखा, दोलखा** को कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८२/०२/०४ गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **चरीकोट शाखा, दोलखा**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०२/०५ गते ४:०० बजे बैंकको **चरीकोट शाखा, दोलखा** मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोल कबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थपजानकारी आवश्यक परेमा यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **चरीकोट शाखा, दोलखा** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

नेपाल कृषिप्रधान मुलुक भएपनि धान, चामल, दाल, तेल जस्ता खाद्यान्नजन्य उत्पादनको आयात भने बर्सेनि खर्बौं बराबरको हुने गरेको छ । देशलाई कृषिमा आत्मनिर्भर बनाउने सरकारको ठोस योजना नहुँदा आयात थप बढ्नेक्रममा छ भने व्यापार घाटा समेत चुलिँदो छ । नेपालमा कृषिजन्य उपज उत्पादनको लागि उपयुक्त वातावरण हुँदाहुँदै पनि खाद्यान्नको परानिर्भरता भने निकै माथि छ । भएको जमिन बाँझो हुने तर, रोजगारीको लागि भने विदेश जाने संस्कृति बढ्दो छ । प्रस्तुत छ, अत्यावश्यक उपभोग्य वस्तुबाट कसरी आत्मनिर्भर बन्न सकिन्छ भन्ने विषयमा युवा उद्यमी एवं नेपाल चामल, तेल, दाल उद्योग संघका कार्यकारी सदस्य **विभोर अग्रवाल**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।



**विभोर अग्रवाल**
सदस्य, नेपाल चामल, तेल, दाल उद्योग संघ

# कृषिमा आधारित उद्योगलाई प्रवर्धन गर्ने नीति आवश्यक

**नेपाल अत्यावश्यक उपभोग्य वस्तुमा आत्मनिर्भर हुन के गर्नुपर्छ ?**

नेपाल कृषि प्रधान देश हो । अधिकांश नेपालीको आम्दानीको स्रोत कृषि नै हो । तर, कृषिमा आश्रित जनसंख्याले कृषिबाट लाभ लिन भने सकिरहेको अवस्था छैन । कृषिमा राम्रो सम्भावना हुँदाहुँदै पनि हामी अत्यावश्यक खाद्यान्नको ठूलो मात्रा आयात गर्नुपर्ने अवस्थामा छौँ ।

आयात निरन्तर बढीरहेको छ तर, नेपालका उत्पादनमुखी उद्योगहरू समस्याबाट गुज्रिरहेका छन् । उद्योगमा लगानी गर्नेहरू अहिले आत्तिएका छन् । किनभने कृषि उत्पादनजन्य उद्योग सरकारको प्रथामिकतामा पर्न सकेको छैन । पहिला नेपालबाट निर्यात हुने धान, चामल, गहुँ लगायतका खाद्यान्नमा अहिले आयातमै भर पर्नु परेको छ । कुनै समय कृषिमा आत्मनिर्भर भएर निर्यात समेत गरेको देशले अहिले आयात गरेर आफ्ना जनतालाई खुवाउनु परेको अवस्था छ । यसको मुख्य कारण कृषिमा सरकारको फोकस कम भएर नै हो ।

कृषिमा क्रान्तिको कुरा धेरै पहिले देखि नै बजेटमा सुनिन्छ तर, कार्यान्वयन भने छैन । धान चामलको आयात घटाउनका लागि सरकारले कृषि, कृषक र कृषिमा आधारित उद्योगलाई प्रवर्द्धन गर्न आवश्यक छ । त्यस्तै, उपभोक्तामा पनि मोटा चामल नखाएर मसिनो चामल खाने परम्परा छ । हामीले खाने तरिका परिर्वतन गर्न सक्दैनौँ । सरकारले अब मसिनो धान कहाँ र कसरी धेरै उत्पादन हुन्छ त्यसमा अध्ययन गरेर काम गर्न सक्यो भने आयात घटाउन सकिन्छ । भारतमा भन्दा नेपालमा प्रतिहेक्टर उत्पादन धेरै छ । नेपालको जमिन धान उत्पादनको लागि राम्रो छ । त्यसैले नेपालमा कृषि क्षेत्रमा विकासको सम्भावना धेरै छ ।

**नेपालमा सञ्चालन भइरहेका खाद्यान्न उद्योगहरुको अवस्था कस्तो छ ?**

नेपालमा उद्योग खोल्न नै गाह्रो छ । खोल्यो भने चलाउन अर्को समस्या छ । नेपाली कच्चा पदार्थमा आधारित उद्योग अहिले संकटमै छन् । हाम्रो नीति नेपालमै उत्पादन गर्ने भन्दा आयात गर्नको लागि प्रोत्साहन गर्ने प्रकारको छ । किनकी आयातबाट सरकारले तत्काल कर प्राप्त गर्छ तर, नेपालमै उत्पादन गर्ने उद्योगबाट भने बिक्रीपछि मात्र प्राप्त हुन्छ । हाम्रो मुलुकको प्राथामिकतामा जबसम्म स्वदेशी उद्योगलाई टिकाउने र सहयोग गर्ने भन्ने हुँदैन त्यतिबेलासम्म आयात गर्ने संस्कृति हट्दैन । नेपालमा खाद्यान्न उत्पादन गर्ने चामल उद्योग पछिल्लो समय धेरै खुले तर उत्पादन भने छैन ।

नेपालमा भात खाने परम्परा र संस्कृति पुरानो हो । तर, यहाँ मोटा चामल फल्छ, परम्परा भने मसिनो खाने छ । मसिनो संस्कृतिको कारणले पनि चामल आयात बढी भएको हो ।

मसिनो धान आयात गर्नका लागि भारतकै भर छ । भारतले चामलको आयातमा रोक लगाउने हो भने नेपालमा त्यसको मूल्य ह्वात्तै बढ्छ । तर, आयात धेरै हुने हो भने नेपाली चामलले मूल्य पनि पाउँदैन । त्यसको असर नेपाली राईस मिल उद्योगीहरूले भोगिरहेका छन् ।

भारतले धानमा २० प्रतिशत निर्यात कर लगाउँदा नेपालमा राईस मिलहरू खोल्ने क्रम बढ्यो । अहिले सय भन्दा धेरै राईस मिल छन् तर, उत्पादन गर्न सकिरहेका छैनन् । युवाहरू विदेश जाने परम्पराको कारण खाना खाने मान्छेको संख्या घटिरहेको छ । प्रत्येक दिन २ हजार मानिस घट्दा खानेमुख नै घटिरहेको छ । अग्रिम आयकरको कारण समेत चामल उद्योगहरूमा समस्या छ । साढे दुई प्रतिशत अग्रिम आयकर हटाउन आवश्यक छ । थप पाँच प्रतिशत कृषि सुधार शुल्क राईस मिललाई लगाइएको छ ।

> देशलाई कृषिमा आत्मनिर्भर बनाउने हो कृषकलाई राहत दिने कार्यक्रम र सिँचाइमा नै जोड दिन आवश्यक छ । नेपाल सरकारसँग देशमा धान कति फल्छ भन्ने समेत सही तथ्यांक छैन । सरकारको तथ्यांकमा ५९ लाख टन धान उत्पादन भएको छ । तर, प्रत्येक नेपालीले वर्षमा एक सय ३५ केजी चामल खान्छ भन्ने छ ।

**सरकारले आगामी आर्थिक वर्षको बजेटको तयारी गरिरहेको छ । कृषिमा आधारित उद्योगीको लागि कस्तो बजेट आउनुपर्छ ?**

कृषि क्षेत्र बजेटको पहिलो प्राथामिकता पर्नुपर्छ जस्तो लाग्छ । ३५ वर्ष अघि नेपालले चामल निर्यात गर्न सक्थ्यो भने अहिले नहुने भन्ने नै हुँदैन । हाम्रा छिमेकी मुलक ३५ वर्ष अघि आयात गर्नु पर्ने अवस्थामा थिए, हामी आत्मनिर्भर थियौँ । तर, उनीहरू अहिले आत्मनिर्भर भएका छन् हामी भने आयात गर्ने तर्फ लागेका छौँ ।

अबपनि हामीले कृषिमुखी बजेट नबनाउने हो हामी अझै आयात मै निर्भर हुनुपर्ने हुन्छ । बजेटमा नेपालमा सञ्चालन भएको कृषि उद्योगलाई प्रवर्द्धन गर्ने कार्यक्रम ल्याउन आवश्यक छ । कृषिमा काम गर्नका लागि स्थिर सरकारको आवश्यकता छ । पाँच वर्ष कुनैपनि सरकारले काम गर्न नसक्दा समेत कृषिमा केही हुन नसकेको हो ।

देशलाई कृषिमा आत्मनिर्भर बनाउने हो कृषकलाई राहत दिने कार्यक्रम र सिँचाइमा नै जोड दिन आवश्यक छ । नेपाल सरकारसँग देशमा धान कति फल्छ भन्ने समेत सही तथ्यांक छैन । सरकारको तथ्यांकमा ५९ लाख टन धान उत्पादन भएको छ । तर, प्रत्येक नेपालीले वर्षमा एक सय ३५ केजी चामल खान्छ भन्ने छ । यसलाई नेपालीको जनसंख्याको आधारमा गणना गर्नेको भने ५३ लाख टन धानले नेपाललाई पुग्छ ।

सरकारको तथ्यांक हेर्ने हो भने भारतबाट धान चामल आयात गर्नुपर्ने देखिँदैन । तर, आयात त भइरहेको छ । यस वर्षपनि ठूलो मात्रामा धान चामल आयात भएको छ । तर, कृषि, उद्योग मन्त्रालयसँग भने यसको उचित जवाफ छैन । धान उत्पादनको तथ्यांक नै मिलेको छैन ।

**नेपाल कृषिमा आत्मनिर्भर हुन कति सहज छ ?**

नेपालको भू-भाग र जनसंख्यालाई हेर्ने हो भने नेपाल कृषिमा आत्मनिर्भर बन्न धेरै समय लाग्दैन । पहिला सरकारले कृषिमा केही गर्नुपर्छ भन्ने प्रकारको इच्छाशक्ति हुन आवश्यक छ ।

नेपालमा अत्यावश्यक उपभोग्य वस्तु उत्पादन गर्ने उद्योगलाई बिस्तार गर्ने र आयातलाई रोक्नु पर्छ । निजी क्षेत्रले उत्पादन गर्ने उद्योगमा लगानी गरिरहेका छन् । चामल, तेल, दालजस्ता वस्तुहरूको नेपालमै उत्पादन बढाउने योजना बनाएर काम गर्ने हो भने पाँच वर्षमा आत्मनिर्भर हुन सकिन्छ ।

कृषिमा उन्नत बिउ, मल, सिचाँइ जस्ता कुरमा ध्यान दिने हो भने हिमाल पहाड र तराई गरी तीन भागमा बाँडिएको नेपाली भू-भागबाट धेरै उत्पादन गर्न सकिन्छ । नेपालमा पाइने वातावरणलाई नेपालले अवसरको रूपमा लिन सक्नुपर्छ ।

## हवाई उद्यमी वीरेन्द्रबहादुर बस्नेतको 'बाई द बुक' सार्वजनिक




**काठमाडौं/मस –** हवाई उद्यमी एवं बुद्ध एयरका कार्यकारी अध्यक्ष वीरेन्द्रबहादुर बस्नेतद्वारा लिखित पुस्तक 'बाइ द बुक' सार्वजनिक भएको छ । स्थापनाको झण्डै २८ वर्षको अवधिमा बुद्ध एयरले हासिल गरेका सफलता र व्यवस्थापकीय पाटोका विभिन्न आयामलाई पुस्तकमा समावेश गरिएका छन् ।

शनिबार ललितपुरमा आयोजित एक कार्यक्रमकाबीच कर्मचारी सञ्चय कोषका तत्कालीन प्रमुख प्रशासक संसारभक्त श्रेष्ठ र हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अशोक शमशेर जबराले संयुक्त रूपमा पुस्तक विमोचन गरेका थिए । त्यस अवसरमा तत्कालीन प्रमुख प्रशासक श्रेष्ठले सफल व्यवस्थापन र गुणस्तरीय सेवाको नमूना संस्थाका रूपमा स्थापित बुद्ध एयर सबैका लागि प्रेरणादायी भएको बताए ।

हाल देशकै अग्रणी हवाई कम्पनीका रुपमा स्थापित बुद्ध एयरको सुरुआती सञ्चालनमा वित्तीय स्रोतको भूमिका निर्वाह गर्ने अवसर पाउनु आफ्ना लागि पनि महत्वपूर्ण अवसर भएको उनले उल्लेख गरे । हिमालयन बैंकका सिइओ जबराले हवाई उद्योगको नमूना संस्थाका रूपमा रहेको बुद्धएयरसँग आर्थिक साझेदारी गर्न पाउनु आफ्ना लागि पनि गौरवको विषय भएको बताए ।

लेखक बस्नेतले नयाँ आउने उद्यमीलाई केही सिक्ने अवसर मिलोस् भनेर पुस्तक लेखेको बताए । बस्नेतले आमनेपाली उद्योग व्यवसाय र व्यवस्थापनमा लागेकाहरूका लागि पुस्तक केही सिक्ने सन्दर्भ सामग्रीका रूपमा हुने विश्वास व्यक्त गरे ।

सन् १९९७ मा ४ जनाबाट सुरु भएको बुद्ध एयरमा हाल एक हजार ५०० भन्दाबढीले रोजगारी एको छन् । बीचक्राफ्ट १९०० डी र सी जहाजबाट सेवा सुरु गरेको बुद्धएयरले एटिआर-४२ हुँदै हाल एटिआर-७२ जहाजमार्फत् सेवा दिइरहेको छ । बुद्धएयरसँग हाल १८ थान एटिआर जहाज रहेका र देशका ४० भन्दाबढी हवाई गन्तव्यमा उडान गरी हालसम्म दुई करोडभन्दा बढीलाई हवाई सेवा दिइसकेको त्यस अवसरमा जानकारी दिइएको थियो ।

## अप्रिलमा भित्रिए १ लाख १६ हजार विदेशी पर्यटक



**काठमाडौं/मस –** सन् २०२५ को अप्रिल महिनामा हालसम्मकै उच्च संख्यामा विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्यांकअनुसार अप्रिल महिनामा मात्रै एक लाख १६ हजार चार सय ९० विदेशी पर्यटक नेपाल आएका छन् । नेपालको पर्यटनमा अप्रिल महिनाको विदेशी पर्यटक आगमनमा रेकर्ड कायम भएको बोर्डले उल्लेख गरेको छ ।

अप्रिलमा सबैभन्दा बढी भारतबाट २५ हजार नौ सय ३३, अमेरिकाबाट १० हजार ५३, चीनबाट नौ हजार ३७ र संयुक्त अधिराज्य बेलायतबाट छ हजार आठ सय ३८ पर्यटक नेपाल भित्रिएका छन् । पछिल्लो आँकडा हेर्दा भारतीय र चिनियाँ पर्यटक बढ्न सकेका छैनन् ।

बोर्डकाअनुसार सन् २०१९ को तुलनामा एक सय ६ दशमलव पाँच प्रतिशतले विदेशी पर्यटक आगमनमा बढोत्तरी भएको छ । कोरोना महामारीपूर्व सन् २०१९ को अप्रिल महिनामा सबैभन्दा धेरै एक लाख नौ हजार तीन सय ९९ विदेशी पर्यटक नेपाल आएका थिए । सन् २०२४ को अप्रिलमा एक लाख ११ हजार तीन सय ७६ जना विदेशी पर्यटक नेपाल आए भने सन् २०२३ को अप्रिलमा ९८ हजार सात सय ७३ जना पर्यटक नेपाल भित्रिएका थिए ।

'हामीले आधिकारिक रुपमा एक सय ६ दशमलव पाँच प्रतिशत पूर्व-महामारी स्तरमा पुगेका छौँ, यसले बलियो 'रिकभरी' र नेपालमा बढ्दो विश्वव्यापी चासो देखाउँछ', बोर्डले उल्लेख गरेको छ । बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले अप्रिल महिनाको पर्यटक आगमन उत्साहवर्द्धक रहेको बताए । 'यो वृद्धि नेपालको स्थायी आकर्षण र पर्यटन सभ्यताको प्रमाण हो', उनले भने ।

बोर्डको विवरणमा वर्षको चार महिना (जनवरी-अप्रिल) को अवधिमा चार लाख १५ हजार ४८ पर्यटक नेपाल भित्रिएका छन् । जनवरीमा ७९ हजार नौ सय ९१, फेब्रुअरीमा ९६ हजार आठ सय ८० र मार्चमा एक लाख २१ हजार आठ सय विदेशी पर्यटक नेपाल आएका थिए ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**